# अध्याय - १

# परिचय

## १.१ परिचयात्मक पृष्ठभूमिः

नेपाल सिंगो मुलुक अहिले कालखण्डको एक अत्यन्त गम्भीर एवम् सम्वेदनशील घडीमा आइपुगेको छ । देशमा विकराल मात्रामा व्याप्त रहेको अशान्ति, द्वन्द्व, गरिबी तथा असमानताबाट मुक्तिका लागि उज्ज्वल सपना बोकेर २०६२ चैत्र २४ गतेदेखि सशक्त संघर्षमा उत्रिएका आम नेपालीको युगान्तकारी जनआन्दोलनले १९ औं दिन अर्थात् २०६३ वैशाख ११ गते चर्मोत्कर्षमा पुगि ऐतिासिक सफलता हासिल गरेकोछ । लोकतन्त्रको स्थापना भएको छ । सम्पूर्ण नेपालीमा एक स्वर्णीम भविष्यको आशा पलाएको छ । यस्तै सपना बोकेका मध्ये एक यस्तो समुदाय पनि छ, जो इतिहासको गर्भमा आफ्ना असीम वेदना विसाएर दोस्रो दर्जाको नागरिक सरह बाँच्न बाध्य भएको छ । यो त्यो समुदाय हो, जसले नेपाली समाजमा सयकडौं वर्षदेखि अपमानित तथा अपहेलित जीवनयापन गर्नु परेको छ तथा अमानवीय यातनाहरू सहेर बस्नु पर्ने वाध्यता खेप्नु परेको छ । यो उत्पीडन भोगिरहेको समुदाय जो समुदाय 'दलित' को नामले नेपालमा चिनिन्छ । आफूलाई उपल्लो जातिका भनाउँदाहरूले मानिसको रुपमा परिभाषित गरिनु पर्ने कुनै पनि मापदण्डमा आफूभन्दा फरक नरहेका दलित समुदायलाई तल्लो जातिको कपोलकल्पित दर्जामा राखेर मानिसले मानिसमा गरेको चरम शोषण, दमन तथा अत्याचारको ज्वलन्त उदाहरण हो । नेपालमा विद्यमान जातपात तथा छुवाछूतको प्रथा तथा सोबाट सिर्जना भएका दलित समुदायको निरपेक्ष गरिबी, सामाजिक उत्पीडन तथा पछौटेपनको कटुसत्य हो । विश्वको भू-भागको कूल क्षेत्रफलको ०.०३ प्रतिशत र एशिया महादेशको कूल क्षेत्रफलको ०.३ प्रतिशत भू-भाग ओगटेको यस देशको आफ्नो क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर छ । जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ छ भने यसमा पुरुषको जनसंख्या १,२८,४९,०४१ र महिलाको जनसंख्या १,३६,४५,४६३ छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपालको उत्तरी क्षेत्रमा हिमाल हाँसिरहेको छ, जहाँ विभिन्न किसिमका जडीबुटीका साथै विश्वमा दुर्लभ मानिने यार्सागुम्बा जस्ता बनस्पति र डाँफे, चौरी जस्ता पंक्षी र जनावरहरू पाइन्छन् भने तराईक्षेत्र अन्न भण्डारको रूपमा परिचित छ । यसरी भौगोलिक विभिन्नता रहेको यस देशमा विभिन्न किसिमका खानीहरूको भण्डार पनि रहेको आशंका गरिएको छ भने यहाँ जातीय विभिन्नता, धार्मिक विभिन्नता, सांस्कृतिक विभिन्नताका साथै भाषिक विभिन्नता पनि रहेको पाइन्छ ।

यसरी विभिन्न धर्ममान्ने जाति, जनजातिहरूको संस्कृति पनि भिन्न-भिन्न हुने गर्दछन् । यसरी जातीय विभाजनको बारेमा चर्चा गर्दा हिन्दू धर्मको धार्मिक वर्ण व्यवस्था अनुसार समाजलाई चार भागमा विभाजन गरिएको छ । जस्तै–

(१) ब्राह्मण- जस्ले पठन-पाठन, पूजा-आजा गर्ने ।
(२) क्षेत्री - खेती, सरकारी सेवामा आवद्ध हुने ।
(३) वैश्य - व्यापार गर्ने, खेती किसानी गर्ने ।
(४) शूद्र - उच्च जातिको सेवा गर्ने, निम्न ज्यालामा काम गर्ने ।

हिन्दू धर्मको वर्ण व्यवस्था बाहेक नेपालको पुरानो मुलुकी ऐन १९१० ले पनि नेपाली समाजलाई पुनः जातीय विभाजन गऱ्यो । जो निम्न प्रकार छ-

(१) तागाधारी अर्थात् जनै लगाउने (बाहुन, क्षेत्री)
(२) मतवाली अर्थात् जनजाती जो जाँड रक्सी खान्छन् (राई, लिम्बू, शेर्पा, तामाङ्ग, थारु आदि)
(३) पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने (मुसलमान, कसाई)
(४) पानी नचल्ने तर छोई छिटो हाल्नु पर्ने (दलितहरू)

नेपाल जातजातीहरूको संगमस्थल हो जहाँ आफ्नो पहिचान कायम राख्न विभिन्न जाती, धर्म, संस्कृति पेशाहरू विद्यमान छन् । वंशानुगत र परम्परागत रूपमा हेर्ने हो भने प्रायः सवै जात जातिहरू प्राचीनकालदेखि नै कृषि पेशा तथा पशुपालनमा संलग्न

रहँदै आएको पाइन्छ । कुनै कुनै जातजातिहरू आफ्नो छुट्टै पहिचान राख्दै आएका छन् । जसमध्ये दलीत वर्गलाई लिन सकिन्छ । तर पनि यिनीहरू कृषि पेशाबाट पूर्ण रूपमा अलग हुन सकेका छैनन् । नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म छरिएर रहेका दलीत जाति पनि विभिन्न भागमा बाँडिएको छ ।

(१) पहाडे दलित–कामी, सुनार, लोहार, विश्वकर्मा, सोव, दमाई, नेपाली, , चमार, वादी, धोवी आदि ।

(२) नेवारी दलित–कसाई, पोडे, च्यामे, नापित आदि ।

(३) तराई दलित– सतार, सन्थाल, मुसहर, पासवान, डुम, डोम, धाँगड, झाँगड, अघोरी, कचोरी, किच्चक, किसान, गन्धर्व, तत्मा, ताँती, तोरी, दुसाध, धुनिया, नाट, पमरिया, पासी, बातर, भिल्ला, भुइया, भिर सिखर, मुण्डा, हलखोर आदि ।

वर्तमान समयमा दलित भन्नाले दविएका, थिचिएका, शोषित, पिडित, बञ्चितीकरणमा परेका, लिच्छविकालिन समयदेखि हालसम्म छुवाछुतको व्यवहार भोगेका हिन्दू धार्मिक वर्ण व्यवस्थामा शूद्र भनि किटान गरिएका वर्ग सम्प्रदायको प्रायवाची नाम हो । कूल जनसंख्याको १३% जनसंख्या रहेको यो जाति सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रूपले नै पिछडिएको जातिय समूह हो ।

नेपाल पितृसत्तात्मक समाज हो । यहाँ महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्रमा उच्च रहेको पाइन्छ । कूल जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाहरू प्रायःजसो आफ्नो हक र अधिकारबाट बञ्चित छन् । घरधन्दा यस्तो एउटा संस्थाको रूपमा परिचित छ जहाँ महिलाहरू अत्यधिक रूपमा शोषित, पिडित र स्रोत र साधनबाट बञ्चित अवस्थामा छन् । महिलालाई असक्त, अबला, असक्षम कमजोर आदि उपनाम दिइन्छ, जस्ले महिलालाई पुरुषको अनुपातमा पछाडि पार्ने काम गर्दछ र महिलालाई जहिले पनि दोस्रो दर्जाको रूपमा व्यवहार गरिन्छ ।

नेपालको कूल जनसंख्या२,६४,९४,५०४ छ भने महिलाको कूल जनसंख्या१,३६,४५,४६३ र पुरुषको कूल जनसंख्या१,२८,४९,०४१ छ । कूल जनसंख्याको १३% जनसंख्या

ओगटेको दलित समुदायको कूल जनसंख्या ३०,३०,०६७  छ भने यसमा दलित पुरुषको कूल जनसंख्या १५,००,३६७ र दलित महिलाको कूल जनसंख्या १५,२९,७०० छ । यसरी राष्ट्रको कुल जनसंख्याको १३% जनसंख्या दलितको छ भने राष्ट्रको कूल जनसंख्याको लगभग ७% जनसंख्या दलित महिलाको छ (राष्ट्रिय मानव अधिकार आयोग– *नेपालमा मानव अधिकारको स्थिति एक प्रतिवेदन,* २०६०) ।

देशको कूल जनसंख्याको लगभग ७% जनसंख्या दलित महिलाहरूको छ । महिला भएकै कारण र त्यसमा पनि दलित महिला भएकाले समाजमा दोहोरो पीडा खेपिरहेका छन् । दलित महिलाहरूको पोल्टामा दु:ख, पीडाहरू, सामाजिक भेदभाव, छुवाछूत, नीचता, आर्थिक विपन्नता, सामाजिक वहिष्करण, राजनैतिक भेदभाव र वहिष्करण आदि दलित महिलाहरूले दैनिक खेप्नु पर्ने समस्याहरू हुन् ।

आजभोलीको विकासशील समाजमा नारी हक र अधिकारका लागि विभिन्न आन्दोलन भैरहेका छन् जसको फलस्वरूप महिला शसक्तिकरणको नाराहरू प्रसस्तै सुन्न पाइन्छ । नियम कानूनमा पनि महिलाको विकासका लागि विभिन्न दफा, उप-दफा र बुँदाहरू समावेश गरिएको छ । सरकारी सेवामा महिलाको विशेष कोटा राखिएको हुन्छ, विभिन्न राजनैतिक दलहरूले आफ्नो चुनावी नारा महिला दिदी बहिनीहरूलाई अगाडी बढाउने भनि विभिन्न किसिमका घोषणापत्र तयार पारेका हुन्छन् भने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले पनि महिला विकास, महिला शसक्तिकरणको नाममा मोटो रकम खर्च गरिरहेका छन् । यसरी महिलालाई अगाडि बढाउनको लागि चौतर्फि प्रयास गरिए पनि यस्तो अवसरको फाइदा उठाउनेहरूमा उच्च जात कहलिएका र टाठा-बाठाहरू नै हुने गर्दछन् । यस्ता कार्यक्रमहरूबाट दलित जातीका महिलाहरूले फाइदा लिन सकिरहेका छैनन् । दलित महिलाहरूका लागि भनेर तयार पारिएको कार्यक्रम पनि उनीहरूसम्म पुगिरहेको हुँदैन ।

दलितको अर्थ हो दलन गरिएको अर्थात ती मानिसहरु जो आर्थिक अनि सामाजिक रुपले पछाडिएका र जसको आर्थिक, सामाजिक, राजनीतिक र धार्मिक रुपले प्राचीन कालदेखि उच्च वर्गहरु (बाहुन तथा छेत्री आदि हिन्दु जातिहरु) द्वारा शोषण र

उत्पीडन गर्नको निम्ति समाजमा जातीय वर्ग विभाजन गरिएको थियो र आज पनि छ । हुन त नेपालमा भेदभाव अनि छुवाछुत गर्नेहरुलाई कडा कार्यवाही गर्ने कानुन पनि सरकारले नबनाएको होइन तर त्यो कागजमा मात्र सिमित छ गाउँ समाजको हरेक कुनामा आजपनि यो भेदभाव काएम नै छ ।

समाजमा भेदभाव, छुवाछुत, सार्वजनिक स्थानमा बहिष्कार, राजनैतिक, आर्थिक अवसरहरूबाट बञ्चित गर्नु र गराउनु दुवै अपराध मानिन्छ र सजायँ पनि दिइन्छ तर यि सबै किसिमका अवसरबाट दलित महिलाहरू लगभग पूर्ण रूपमा बञ्चित छन् । नेपालको कानूनमा छुवाछुत पूर्ण रूपले हटाएको वर्षौं वितिसक्दा पनि समाजमा यसको कार्यान्वयन पूर्ण रूपमा हुन नसक्दा घर गाउँमा सीमित रहेर जीवन विताइरहेका दलित महिलालाई यसले सवैभन्दा बढि प्रभाव पारेको छ । समाजमा रहेर पनि अन्य महिला जति अधिकार पाउन सकेका छैनन् । श्रोत र साधनलाई उपभोग गर्नबाट दलित महिलाहरू बञ्चित छन् ।

## १.२ समस्याको कथनः

बहुभाषी, बहुधार्मिक, साँस्कृतिक विभन्निताले भरिपूर्ण यस देशमा हिन्दू धार्मिक वर्ण व्यवस्थामा शूद्र भनि किटान गरिएको वर्ग समुदायलाई दलित वर्ग भनिन्छ । तर वर्तमान समयमा यो शब्दलाई परिभाषित गर्दा वि.सं. १९१० को मुलुकी ऐनको जातीय विभाजनलाई लिन सकिन्छ । मुलुकी ऐन अनुसार “पानी नचल्ने छोइछिटो हाल्नु पर्ने” भनि दलितलाई परिभाषित गरिएको छ ।

यसरी परापूर्वकालदेखि नै दलित जातिको उपस्थिति रहेपनि यिनीहरूको सामाजिक, आर्थिक रूपमा सुधार आउन सकेको छैन । धार्मिक रूपमा पनि दलितलाई तल्लो जातिमा राखि अलग्गैको व्यवहार गरिन्छ । परम्परादेखि नै आएको छुवाछुत जस्तो कुरीतिले दलित पुरुष भन्दा महिलाहरू बढी पिडित देखिन्छन् । कतिपय पुरुषहरू कामको खोजीमा घर बाहिर वा आफ्नो गाउँठाउँबाट बाहिर जान्छन् र नाम परिवर्तन गरेर बस्दछन् तर दलित महिलाहरूआफ्ना परिचित गाउँमा जीवन व्यतितगर्ने हुनाले उनीहरूलाई चिनेजानेका उच्च जातिले नै भेदभाव गर्ने गर्दछन् । विभिन्न सामाजिक

कार्यक्रमहरू, विभिन्न सार्वजनिक स्थानहरू, विभिन्न प्राकृतिक श्रोत र साधनहरू आदिको प्रयोग गर्नबाट पनि बञ्चित गरिरहेका हुन्छन् । उच्च जातिले विभिन्न बाहनामा दलित भएकै कारण शोषण, भेदभाव गरिरहेका हुन्छन् ।

दलित महिलालाई अगाडि बढाउनको लागि, शिक्षित बनाउनको लागि, आर्थिक रूपले सवल बनाउनको लागि, सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले विभिन्न प्रयासहरू गरिरहे पनि यसबाट नगण्य मात्रामा फाइदा पाएका छन् भने यसबाट सोचे जति फाइदा नहुनुको कारण विभिन्न विकास योजनामा दलित महिलाको संलग्नता नगराइनुलाई मान्न सकिन्छ भने अर्को पक्ष दलित वा दलित महिलाहरू सामाजिक वहिष्करणको शिकार भैरहेका छन् ।

सामाजिक कू-रीति र कू-संस्कारको रूपमा रहेको छुवाछुत, भेदभाव, गरिबी, जेण्डरमा आधारित हिंसा आदि सबै किसिमका पीडादायक पक्षबाट दलित महिलाहरू निकै पिडित देखिन्छन् । सम्पत्ती नहुनु, भए पनि सम्पत्तिमा पहुँच नहुनु र सदुपयोग गर्न नपाउनु, भोट खसाल्ने अधिकारलाई स्वतन्त्र रूपले उपयोग गर्न नपाउनु, अशिक्षाको कारणले चुनावमा सही उम्मेदवार चयन गर्न नसक्नु जस्ता समस्याहरू दलित महिलामा पाइन्छ । यसकारण सामाजिक, आर्थिक र राजनैतिक पक्षबाट अलग्गीएर दलित महिला समाजमा बस्नु परेको कारण के हो ? यिनीहरूको पेशा के छ ? पेशामा परिवर्तन के-कति आएका छन् ?त्यसको कारण के हो ? आर्थिक स्थिति कमजोर हुनुको कारण के हो? भन्ने जस्ता कुरामा अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्यः

यस अध्ययनको मुख्य उद्देश्य ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका वडा नं. ९ का दलित महिलाहरूको विभिन्न पक्षहरूको अध्ययन गरि विभिन्न पक्षमा भएको सामीजक तथा आर्थिक बंचितीकरणलाई बाहिर ल्याई महिलाहरूको संक्षिप्त चिनारी गराउनु हो । यस अध्ययनको उद्देश्यलाई निम्न तहमा पनि देखाउन सकिन्छ ।

(१) दलित महिलाहरूको सामाजिक तथा आर्थिक वहिष्करणको बयान गर्ने ।

(२) दलित महिलाहरूको सामाजिक तथा आर्थिकरुपले बञ्चित हुनुपर्ने कारण पत्ता लगाउने र व्याख्या गर्ने ।

## १.४ अध्ययनको महत्वः

नेपालको कूल जनसंख्याको १३ प्रतिशत जनसंख्या दलितको छ भने कूल दलितको जनसंख्याको आधा जनसंख्या दलित महिलाको छ । दलित महिलाहरू व्यापक गरिबी र अशिक्षाले गर्दा उनीहरूको जीवन कठोर र जड बन्दै गएको छ । समाजमा अछूत मानिने यी जातिहरू उच्च जाति कहलिएका तागाधारीहरूको आसपासमा बसोबास गर्दै आएको भए तापनि यिनीहरूको सामाजिक, आर्थिक र राजनैतिक अवस्था उत्तिकै दर्दनाक छ ।

सरकारले, राजनैतिक दलले दलितका लागि भनेर १३% कोटा छुट्याएको छ । तर यसले पनि दलित मध्यकै उच्च र टाठा-बाठा दलितलाई नै फाइदा पुऱ्याएको छ । देशमा प्रजातन्त्र आएको दुइ दशक वित्न लाग्दा र देशमा गणतन्त्र स्थापना भएको अवस्थामा दलित महिलाहरू बाँच्नको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताबाट समेत बञ्चित अवस्थामा छन् । समाजमा दलित महिलालाई स्वीकार गर्दैनन्, आर्थिक क्रियाकलापमा अधिकार छैन र राजनैतिक क्रियाकलापमा पहुँच नहुनु यिनीहरूको विशेषता जस्तै भै सक्यो । त्यसकारण यस अध्ययनले महालक्ष्मी नगरपालिका वडा नं. ९ अन्तर्गत बसोबास गर्ने दलित महिलाहरूको सामाजिक तथा आर्थिक वहिष्करणको अवस्थाको बारेमा जानकारी पाउन सहयोग पुऱ्याउनुको साथै यी महिलाहरूको बारेमा भविष्यमा अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी विद्वान्हरूलाई, अनुसन्धानकर्ताहरूलाई, समाजशास्त्र तथा मानवशास्त्रका शोधपत्र प्रस्तुत गर्ने छात्र-छात्राहरूलाई, गैर सरकारी संघ संस्थाहरूलाई सहयोग पुऱ्याउनुको साथै यसले बञ्चित दलित महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याई उनीहरूलाई सामाजिक सम्मान दिन र उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन सरकारलाई विभिन्न नीति नियम बनाउन पनि सहयोग पुऱ्याउँछ भन्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको संगठनः

अध्ययनबाट संकलित तथ्यांकहरूका विवरणलाई संगठित रूपले प्रस्तुत गरिएको छ । त्यसलाई जम्मा सात वटा अध्यायमा वर्गीकरण गरिएको छ । जस्तै पहिलो अध्यायमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्वलाई लिपीबद्ध गरिएको छ । त्यसैगरी पूर्वसाहित्यका पुनरावलोकनलाई दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ भने अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाएका योजना तथा विधिहरूलाई तेस्रो अध्यायमा राखिएको छ । चौथौ अध्यायमा अध्ययन क्षेत्रको परिचय र जनसंख्या, जनजाति, शिक्षालाई प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा भने अध्ययनका मुख्य विषयवस्तु दलित महिलाहरूको सामाजिक, आर्थिक र राजनैतिक अवस्थाबारे विश्लेषण गरिएको छ । छैठौं अध्यायमा दलित महिलाहरूको सामाजिक तथा आर्थिक वहिष्करणका बारेमाउत्तर दाताहरूसँगको अन्तर्क्रियाबाट पत्ता लागेका सूचना एवं तथ्यांकहरूको बारेमा विस्तृत विश्लेषण गरिएको छ भने अन्तिम अर्थात सातौं अध्यायमा भने अध्ययनको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ । त्यसपछि क्षेत्रगत अध्ययनका लागि तयार पारिएका प्रश्नावलीको सूचीलाई राखिएको छ । अन्त्यमा सन्दर्भसूची राखिएको छ ।

# अध्याय - २

## सन्दर्भ साहित्यको अध्ययन

### २.१ पृष्ठभूमिः

बाँच्नको लागि आवश्यक पर्ने विभिन्न तत्वहरू दलित र नदलित सबैलाई उस्तै हुन्छ। काटेमा रगत सबैको रातो हुन्छ भने टेक्ने जमीन र ओढ्ने आकास पनि एउटै हो तर पनि उच्चता र निच्चता किन र के का लागि ?

दलित महिलासँग विवाह गर्नेलाई घरभित्र प्रवेशमा समेत रोक लगाएको पाइन्छ भने मन्दिरमा प्रवेश, धार्मिक कार्यक्रम र चिया पसल आदिमा पनि रोक लगाएको पाइन्छ । बाहुन पूजारीद्वारा दलितको सेवा अस्वीकार, दलित र गैर दलित बीचको विवाह भएमा नाता सम्बन्ध कायम गर्न अस्वीकार, गैर दलितको चाडपर्व, भोजभत्तेर, सरकारी, गैर सरकारी कार्यक्रम, राजनैतिक समारोह, विवाह भोजमा दलितहरूलाई सहभागी गराईदैन भने अपमान, अत्याचार, सामाजिक वहिष्करण, धारणागत छुवाछुत, भेदभाव आदिद्वारा दलितहरू पिडीत देखिन्छन् ( एक्सन एड, २००४) ।

शताब्दीयौँदेखि पुरुष प्रधान समाजको कारण दलित महिलाहरू विभेदित हुँदै आएका छन् । नेपालको सामाजिक मूल्य र मानयताहरूको कारण महिलाहरूलाई दोस्रो दर्जाको नागरिक, शोषणको विषय र राज्यका विभिन्न तहमा विभेद गरिन्छ। (FEDO, 2007)

राज्यले दलित महिलाहरूलाई हेर्ने दृष्टिकोण मुख्यत तीन तहहरू छन् । जसमा जाति, वर्ग र लिङ्गको आधारहरू हुन् । तर पनि उनीहरू पुस्तौंदेखि अपहेलित हुँदै आएका छन् । हाम्रो देशको पुरा जनसंख्यामध्ये १३% दलितहरूको छ जसको आधा भाग दलित महिलाहरूले ओगटेका छन् । तर, उनीहरू सामाजिक रुपमा वहिस्कृत, आर्थिक रुपमा कमजोर, शैक्षिक तहबाट बञ्चित हुनुको साथै राजनैतिक सहभागिता बिना रहेका छन् । धेरै समय अगाडि देखि उनीहरू राज्यको कुनै पनि तह र तप्काबाट अलग राखिंदै आएको छ । उनीहरू राज्यबाट पाउनु पर्ने सेवा र सुविधाबाट पनि बञ्चित छन् । (FEDO, 2007)

सामान्यतया राज्य शासनमा दलित महिलाहरूको प्रतिनिधित्व अत्यन्त न्यून छ र त्यसको साथसाथै नीति निर्माण तहमा पनि उनीहरूको प्रतिनिधित्व न्यून छ । गैह्र राज्य क्षेत्र, राजनैतिक दल र नागरिक समाजको नेतृत्वमा पनि दलित महिलाको प्रतिनिधित्व प्रतिकात्मक मात्र छ भने सामाजिक वहिष्करण अझै पनि व्यापक छ । वास्तवमा राज्य, यसका संरचना, यसका अङ्गहरू, संरचनाहरू, निकाय र प्रतिनिधिह्रूको माध्यमबाट यो निर्देशित छ । जात, जातियता, नश्ल, लिङ्ग, क्षेत्र, धर्म, सामाजिक मूल्य, मान्यता, शारीरिक र शैक्षिक क्षमताको अभाव, आर्थिक सहजताको अभाव, राजनैतिक शक्तिको अभावको आधारमा सामाजिक वहिष्करण हुने गर्दछ ( किसान, २००८) ।

आरक्षण र कोटा बाहेक दलित समुदायका महिलाहरूलाई सामाजिक, राजनैतिक र आर्थिक रूपमा वृहत रूपान्तरणको प्रक्रियामा पूर्ण रूपमा संलग्न गराउनु अत्यावश्यक देखिन्छ । दलित महिलाहरूको सामाजिक, आर्थिक र राजनैतिक रूपान्तरणका लागि सामाजिक र आर्थिक संघर्ष अनिवार्य छ । अझ राजनैतिक संघर्षले संस्थागत वाधा व्यवधानलाई पनि चिर्दछ र महिलाहरूको चौतर्फि परिवर्तनका लागि मार्ग प्रदर्शन गर्दछ ।

राज्यको एकलवादी, सामन्ती र अलोकतान्त्रिक नीतिहरूको कारण समाजका विभिन्न समुदाय वष्किरणमा परेका छन्, अर्थात् उनीहरू राज्यको मूल प्रवाहबाट पाखा पारिएका छन् । महिला, दलित, मधेशी, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र जस्ता सीमान्तीकृत समुदायको विकास तथा उनीहरूलाई राज्यको केन्द्र भागमा स्थापित गर्न राज्यले विशेष नीति अवलम्बन गर्नु पर्छ र उनीहरूलाई उपेक्षित/उत्पीडित गर्ने सबै खाले विभेदकारी कानून, संस्कृति, चिन्तन र आचरणलाई अन्त्य गर्न विशेष जोड दिनु पर्दछ (ज्ञवाली, २०६५) ।

दलितहरूले उपभोक्ता समूह, व्यवस्थापन समिति, आमा समूह लगायतका सामुदायिक संस्थाहरूको नेतृत्वमा विभेद भोग्दै आएका छन् । सामुदायिक संस्थाहरूमा के कस्तो सहभागिता छ, यो नै विकासमा सहभागिताको एउटा राम्रो सूचक हो । स्थलगत

अध्ययनबाट प्राप्त जानकारी अनुसार १८ वटा दलित जात मध्ये ९ जातीय समुदायका दलितहरूलाईनीति निर्णय गर्ने भूमिका नदिएर देखाउनका लागि मात्र प्रतिनिधित्व गराउने प्रवृत्ति रहेको छ (भट्टचन, सुनार र गौचन, २००८) ।

जब संसारभरीका महिलाहरू विशेष गरी सन्तान उत्पादनको मामलामा उत्तिकै उत्तरदायी छन् तर सामाजिक तथा साँस्कृतिक रुपमा "महिलाहरू" समय र सन्दर्भ मुताविक उनीहरूको परिभाषा परिवर्तन गरिन्छ । खास रुपमा उनीहरूको वास्तविक विशेषतालाई छुट्याएर वर्गीकरण गरिन्छ (Acharya, 2008).

पुरुषबाट एक प्रकारको नचाहिंदो सिद्धान्तको रुपमा आदर्शवाद समाजमा विद्यमान छ । समाजका सबै पक्षको अस्तित्वको रुपमा यो देखिन्छ । महिला जुन शब्दले सबै आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक, राजनैतिक र सैद्धान्तिक तहमा समान रुपले पुरुष सरह एक आपसमा रहनु पर्ने जनाउँछ । त्यसकारण स्वतन्त्रता चाहने महिलाहरू जो चाहिँ दबिएका वर्ग अन्तर्गत समाजमा छन् । उनीहरू संघर्षरत नै छन् आफ्नो अधिकार र स्वतन्त्रताको लागि । यसको अर्थ तथ्यांकहरूले पनि गहिरो रुपमा देखाइ रहेछ कि महिलाहरू विभिन्न तहको थिचोमिचोबाट समाजमा पुरुषको दाँजोमा धेरै नै सताइ रहेछन् (Acharya, 2008).

स्थानिक विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानिक विविधताको कारणले गर्दा सांस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपि ग्रामीण भेकका मानिसहरू अन्य ठाउँका भन्दा सुविधाबाट बढी बञ्चित छन् । अर्कातिर, सामाजिक बहिष्करणको आधार राज्यद्वारा संबर्धित जातीय विभेद भएको छ । दुई कारक तत्वहरू, भूगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहकरु उब्जिरहेका छन् । त्यसो हुँदा, एक जना झाँक्री प्रथा मानने मानिस वा बुद्ध धर्माबलम्बीले बैँसी वा शहरमा बस्ने हिन्दूको तुलनामा दुई गुणा धेरै विभेद खेपिरहेको हुन्छ । यहाँ चर्चा गरिएका सामाजिक बहिष्करणका कारक राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रहरू एक आपसमा सम्बन्धित छन् । राज्यको सिद्धान्त नै यस्तो औजार हो, जसले राजनीतिमा उच्च जातिको

एकाधिकारमा टेवा पुऱ्याइरहेको छ । यस्तो व्यवस्थाले तल्लो जात र आदिवासी जनजातिलाई आर्थिक क्षेत्रबाट सीमान्तीकरण गर्दछ । तीमध्ये अधिकांश गरीब हुने भएकाले शिक्षामा पनि उनीहरूको पहुँच कम हुन्छ र गरीबीको दुष्चक्रमा फसिरहेका हुन्छन् (गुरुङ, २०६५) ।

# अध्याय -३

## अनुसन्धान पद्धति

### ३.१ क्षेत्र छनौटको औचित्यः

दलित जातिहरूको बसोबास प्रायः सबै जिल्लाहरूमा भएको पाइन्छ  तापनि यस अध्ययनको लागि बागमती अंचल, ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ९ मा बसोबास गर्ने दलित महिलाको बारेमा अध्ययनगरिएको छ । सरकारले समावेशीकरणको नीति नियम लिएर आए पनि विभिन्न राजनैतिक दलहरू, संघ संस्थाहरूले समानताका कुरा गरे पनि समावेशीका नाराले जनतालाई झुलाउने र भुलाउने कार्य गरे तापनि वास्तवमा यस्तो हुन सकेको छैन । यि नाराहरू सम्पन्न र उच्च जातिमा मात्र सीमित छ । त्यसैकारण यस ठाउँका दलित महिलाहरूको सामाजिक, आर्थिक र राजनैतिकरूपले बञ्चित भएका दलित महिलाको अध्ययन गरिएको छ ।

### ३.२ अनुसन्धानको ढाँचाः

सम्बन्धित ठाउँका दलित महिलाहरूको अध्ययन गर्ने सम्बन्धमा दलित महिलाहरूको सामाजिक तथा आर्थिक पक्षमा पहुँचको बारेमा अध्ययनगरिएको छ । उनीहरू सामाजिक तथा आर्थिक अवसरबाट कसरी बञ्चित रहेका छन् भन्ने कुराको खोजी गरिएको छ । यो अध्ययन अनुसन्धान गर्दा सम्बन्धित क्षेत्रमा गएरप्रत्यक्षरूपमा दलित महिलासँग प्रश्न सोधेर, अवलोकन गरेर मिश्रित रूपमा पनि गरिएको छ । योअनुसन्धान वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

### ३.३ नमूना छनौटः

ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकाको जम्मा १४५७ घरधूरी मध्ये वडा नं. ९ अवस्थित ५० घरधूरीका दलित महिलासँग तथ्याङ्क सङ्कलनगरिएको छ । नेपाल अधिराज्यका सम्पूर्ण दलित महिलालाईअध्ययनमा समेट्न नसकिने हुँदा यि ५० घर दलित महिलालाईदैव निदर्शन विधिद्वारा नमूनाको रूपमा लिइएको छ ।

### ३.४ तथ्याङ्कका प्रकृति र स्रोतहरुः

सम्बन्धित स्थानमा कार्यक्षेत्रअध्ययन गरि प्रत्यक्ष अवलोकन गरि तथ्यांङ्क सङ्कलनगरिएको छ भने सम्बन्धित नगरपालिका र वडाको तथ्याङ्क पनि प्रयोग गरिएको छ । यसका अलावा दलित महिला संघका विभिन्न पत्र पत्रिका, दलित सेवा संघका विभिन्न अङ्कहरू, S.N.V र Action Aid का विभिन्न प्रस्तुतीका साथै राष्ट्रिय दैनिक पत्र पत्रिकाका तथ्याङ्क पनि प्रयोगमा ल्याइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनः

(१) अवलोकनः

सम्बन्धित स्थानमा गएरत्यहाँका दलित महिलाहरूको स्थितिको असहभागी अवलोकन गरिएको छ र तथ्याङ्क सङ्कलनगरिएको छ ।

(२) वैयक्तिक अध्ययनः

दलित महिलासँग भेटेर उनीहरूको व्यक्तिगत जीवनमा परेका विभिन्न समस्या पत्ता लगाउने कोशिश गरिएको छ ।

(३) अन्तरवार्ताः

सम्बन्धित ठाउँमा गएर दलित महिलासँगको कुराकानी वा अन्तरवार्ताद्वारा पनि तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तरवार्ताका लागि अनुसन्धान प्रश्नावलीहरु आवश्यकता अनसार संरचित तथा असंरचित ढाँचामा तयार पारिएको थियो । यसरी तयार पारिएका प्रश्नावलीहरुमा उत्तरदाताका सामान्य परिचय, पारिवारिक विवरण र आर्थिक तथा सामाजिक अवस्था लगायत तिनीहरुलाई समाजमा गरिने वहिष्करणको बारेमा प्रश्नहरु सोधियो र सन्दर्भ अनसार प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रियाः

विभिन्न तथ्याङ्कको सङ्कलन गरिसकेपछि सर्वप्रथम तथ्याङ्कहरूलाई प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्क गरी विभाजन गरिएको छ । आफैले प्रत्यक्षरूपमा सङ्कलन गरिएका तथ्याङ्कलाई प्राथमिक श्रोतद्वारा  संकलित तथ्याङ्कमा राखिएको छ भने विभिन्न वडा, जि.वि.स. अथवाअन्य संघ संस्था र पत्रपत्रिकाद्वारा संकलित तथ्याङ्कलाई द्वितीय श्रोतमा राखिएको छ । यसरी विभाजित तथ्याङ्कमा प्राथमिक तथ्याङ्कलाई पुनः संख्यात्मक र गुणात्मकमा विभाजन गरिएको छ । यसरी छुट्याइएको तथ्याङ्कलाई विभन्न गणितीय पद्धति अपनाई तालिकामा उतारिएको छ ।

## ३.७ अध्ययनको सीमाः

यस अध्ययनको लागि महालक्ष्मी न.पा. छनौट गरिए पनि उक्तन.पा.को विभिन्न वडाहरूमा बसोबास गर्ने विभिन्न जातिहरूको अध्ययन नगरि यस अध्ययनमा विशेष दलित जातिको बस्ती भएको एउटा वडा मात्र समेटिएको छ । यस अध्ययनमा दलितहरूको ५० घरधूरीमा भएका महिलाहरूको मात्र अध्ययनगरिएको छ । यसअध्ययनले नेपालभरि बसोबास गर्ने दलित महिलाहरूको बारेमा प्रतिनिधित्व गर्न सक्दैन । केही कुराहरू मिल्न गए तापनि यस अध्ययनमा दलित महिलाहरूको सामाजिक तथा आर्थिक बहिष्करणको अवस्थालाई मात्र समिक्षा गरिएको हुनाले यसको परिणामलाई अन्य क्षेत्रका दलित महिलाहरूको अवस्थासँग तुलना गर्दा नमिल्ने अवस्था पनि हुन सक्छ ।

# अध्याय -४

## अध्ययन क्षेत्रको संक्षिप्त परिचय

दलित जातिका महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नको लागि ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकालाई छनौट गरिएको छ । यो न.पा. राजधानी काठमाडौंबाट १४ किलोमिटर दक्षिणमा पर्दछ । यस गाउँलाई शहरी क्षेत्रसँग जोड्ने काम ललितपुरको लगनखेलदेखि लुभु-ढङ्गेन सम्मको सडकले गरेको छ ।

### ४.१ भौगोलिक बनावटः

यस न.पा.को भोगोलिक बनावटमा पनि विभिन्नता पाइन्छ । यो न.पा. समुन्द्रि सतहबाट १२०० फिटदेखि ५९०० फिट सम्मको उचाइमा रहेको छ । ललितपुर जिल्लाको उत्तरीतर्फ अवस्थित यसन.पा.को पूर्वमा काभ्रे जिल्लाको न्याले र पश्चिममा ललितपुर जिल्लाकै लुभु, उत्तरमा भक्तपुर जिल्लाको दधिकोट, सिरुटार र गुण्डु तथा दक्षिणमा ललितपुर जिल्लाकै विशंखुनारायण पर्दछन् । यस न.पा. को वडा नम्बर २ र ८ पूरै समथर जमीन छ भने वडानम्बर ९ पूरै भीर पाखाको रूपमा रहेको छ । यसैगरी बाँकी वडाहरू मिश्रित अवस्थामा रहेका छन् । यस न.पा. को कूल क्षेत्रफल १३४५ हेक्टर रहेको छ । उक्त जग्गामध्ये कृषिभूमी ४९४.५ हेक्टर र वनजंगल ५५१ हेक्टर रहेको छ ।

जिल्ला मालपोत कार्यालय ललितपुरका अनुसार यस न.पा. मा जम्मा २४२१४-५-१ रोपनी जग्गा रहेको र उक्त जग्गामध्ये खेतीयोग्य जग्गा ८००२ रोपनी देखिन्छ । उक्त जग्गामध्ये ३४०९-६-० रोपनी सिंचित र बाँकी जग्गामा सिंचाई सुविधा नपुगेको जग्गा रहेको छ ।

हावापानी तथा जलवायुको स्थितिको चर्चा गर्दा महालक्ष्मी नगरपालिका काठमाडौं उपत्यका भित्रै पर्ने भएकाले उपत्यकाकै जलवायु यस न.पा. को जलवायु हो । यहाँको सरदर तापक्रममा अधिकतम ३३$^{o}$C सेन्टीग्रेड र न्यूनतम ०$^{o}$C सेन्टिग्रेडसम्म रहेको पाइन्छ ।

## ४.२ जनसंख्याः

महालक्ष्मी नगरपालिकाको जनसंख्याको बारेमा चर्चा गर्दा यहाँ १४५७ घरधूरीमा ७,५९३ जनसंख्या छ । जसमध्ये महिलाको संख्या ३,७३३ र पुरुषको संख्या ३,८६० छ । महिलाको संख्या कूल जनसंख्याको ४९.१४ प्रतिशत र पुरुषको संख्या कूल जनसंख्याको ५०.८४ प्रतिशत छ ।

**तालिका नं. ४.१**

**महालक्ष्मी नगरपालिकाको कूल जनसंख्या विवरण**

| लिङ्ग | कूल जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३,७३३ | ४९.१६ |
| पुरुष | ३,८६० | ५०.८४ |
| जम्माः | ७,५९३ | १००.०० |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

तलिकानं. ४.१मा देखाए अनुसार पुरुष र महिलाको जनसंख्या लगभग उस्तै उस्तै देखिए पनि यहाँ महिलाको अनुपातमा पुरुषको संख्या १२७ ले बढी छ ।

**तालिका नं. ४.२**

**उमेर अनुसार महालक्ष्मी नगरपालिकाको जनसंख्या विवरण**

| उमेर समूह(वर्षमा) | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-१५ | ११९९ | ११०२ | २३०१ | ३०.३० |
| १६-५९ | २३५३ | २३२१ | ४६७४ | ६१.५५ |
| ६०+ | ३०८ | ३१० | ६१८ | ८.१५ |
| जम्माः | ३८६० | ३७३३ | ७५९३ | १००.०० |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

तालिका नं. ४.२ अनुसार यस नगरपालिकामा बसोबास गर्ने कूल जनसंख्यामध्ये ० देखि १५ वर्ष उमेर अर्थात् आश्रित जनसंख्या २३०१ रहेको छ । यो नगरपालिकाको कूल जनसंख्याको ३०.३० प्रतिशत हुन आउँछ भने यसमा पुरुषको संख्या ११९९ अथवा १५.७१ प्रतिशत छ भने महिलाको संख्या ११०२ अथवा १४.५१ प्रतिशत छ ।

१६ वर्षदेखि ५९ वर्षसम्म अर्थात् देशको मेरुदण्डको रूपमा रहेको यो उमेर समूहको संख्या ४६७४ रहेको छ । यो नगरपालिकाको कूल जनसंख्याको ६१.५५ प्रतिशत हुन आउँछ । यो उमेर समूहलाई उत्पादक वा आय आर्जन गर्न सक्ने क्षमता भएको समूह मानिन्छ भने यो उमेर समूहमा पुरुषको संख्या २३५३ अथवा ३०.९८ प्रतिशत छ भने महिलाको संख्या २३२१ छ यो कूल जनसंख्याको ३०.५६ प्रतिशत हुन आउँछ । यसैगरी ६०+ वर्ष उमेर समूहको जनसंख्या ६१८ छ यो नगरपालिकाको कूल जनसंख्याको ८.१५ प्रतिशत हुन आउँछ । यो उमेर समूहका पुरुषहरूको संख्या ३०८ छ यो कूल जनसंख्याको ४.०६ प्रतिशत हुन आउँछ भने महिलाहरूको संख्या ३१० छ यो गा.वि.स.को कूल जनसंख्याको ४.०९ प्रतिशत हुन आउँछ । १५ वर्षभन्दा मुनिको उमेर समूह र ६०+ वर्षको उमेर समूहलाई आश्रित जनसंख्या मानिन्छ । माथिको तालिकामा देखाए अनुसार यसनगरपालिकामा आश्रित जनसंख्या लगभग ३८ प्रतिशत र आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्या लगभग ६२ प्रतिशत रहेको छ ।

## ४.३ जनजातिः

महालक्ष्मीनगरपालिकामा प्राचीन समयदेखि नै विभिन्न जनजातिहरू एक आपसमा मिलेर बसोबास गरेको देखिन्छ । यहाँ विभिन्न पेशा धर्ममा लागेका मानिसहरू बसोबास गरेको पाइन्छ ।

**तालिका नं. ४.३**

**जातजाति अनुसार महालक्ष्मी नगरपालिकाको जनसंख्या विवरण**

| क्र.सं. | जतजाति | घरधुरी संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ब्राह्मण | ४६७ | २४३४ | ३२.०५ |
| २. | क्षेत्री | ४१८ | २१७८ | २८.६९ |
| ३. | मगर | ३६ | १८८ | २.७४ |
| ४. | तामाङ्ग | २६९ | १४०२ | १८.४६ |
| ५. | गुरुङ | २ | १० | ०.१४ |
| ६. | नेवार | १७४ | ९०७ | ११.९४ |
| ७. | द्यलित | ८८ | ४५९ | ६.०४ |
| ८. | अन्य | ३ | १६ | ०.२१ |
| | जम्माः | १४५७ | ७५९३ | १००.०० |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

तालिका नं. ४.३ अनुसार नगरपालिकामा सवैभन्दा बढी ब्राह्मणहरूको बसोबास रहेको छ । यस नगरपालिका भरि ब्राह्मण जातिको घरधूरी ४६७ र जनसंख्या २४३४ रहेको छ । यो नगरपालिकाको कूल जनसंख्याको ३२.०५ प्रतिशत हो । जात जातिको दृष्टिले दोस्रो स्थानमा क्षेत्री रहेको छ । क्षेत्री जातिको घरधूरी संख्या ४१८ र जनसंख्या २१७८ रहेको छ । यो नगरपालिकाको कूल जनसंख्याको २८.६९ प्रतिशत हो । तेस्रो ठूलो संख्यामा तामाङ्ग जाति रहेको छ । यस जातिको घरधूरी २६९ र जनसंख्या १४०२ छ । यो नगरपालिकाको कूल जनसंख्याको १८.४६ प्रतिशत हो । चौथो स्थानमा नेवार जाति रहेको छ । १७४ घरधुरी रहेको नेवार समुदायको जनसंख्या ९०७ रहेको छ भने प्रतिशतमा भन्दा नगरपालिकाको कूल जनसंख्याको ११.९४ प्रतिशत हो । यसैगरी दलित जाति पाँचौं स्थानमा रहेको छ । ८८ घरधूरीमा ४५९ जनसंख्या रहेको दलितको कूल जनसंख्या ६.०४ प्रतिशत रहेको छ । यसैगरी मगर जातिको घरधुरी संख्या ३६ र जनसंख्या १८८ रहेको छ भने यो नगरपालिकाको कूल जनसंख्याको २.४७ प्रतिशत छ । गुरुङ जातिको घरधुरी संख्या २ र जनसंख्या १० छ । यो नगरपालिकाको कूल जनसंख्याको ०.१४ प्रतिशत जनसंख्याहो । यसैगरी अन्यमा ३ घरधुरी र १६ जनसंख्या छ । यो नगरपालिकाको कूल जनसंख्याको ०.२१ प्रतिशत हुन आउँछ ।

## ४.४ शिक्षा:

अन्यक्षेत्रहरूमा जस्तै यस नगरपालिकामा पनि शैक्षिक सुविधाहरू सरकारी पक्ष र निजी क्षेत्र दुवैबाट दिन खोजिएको छ । नगरपालिकाले दिएको जानकारी अनुसार विद्यालयको संख्या धेरै भए पनि उच्च शिक्षाको लागि क्याम्पसको स्थापना भने आजसम्म भएको छैन । महालक्ष्मी नगरपालिकामा स्थापित विभिन्न स्कूल वा विद्यालयहरू निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४**

**नगरपालिकाको कूल विद्यालय विवरण**

| क्र.सं. | वडा नं. | विद्यालयको नाम |
|---|---|---|
| १. | १ | शुभतारा आवासीय माध्यमिक विद्यालय |
| २. | १ | सृङ्गेरी प्राथमिक विद्यालय |
| ३. | २ | ज्ञानज्योति निम्न माध्यमिक विद्यालय |
| ४. | ३ | धाराचौर निम्न माध्यमिक विद्यालय |
| ५. | ६ | सिस्नेरी माध्यमिक विद्यालय |
| ६. | ६ | गोमति प्रा.वि. |
| ७. | ७ | पाटीको चौर प्रा.वि. |
| ८. | ८ | दिव्यज्योति मा.वि. |
| ९. | ८ | भ्याली पव्लिक स्कूल |
| १०. | ८ | चेतना विद्याश्रम |
| ११. | ८ | विद्यापुञ्ज मा.वि. |
| १२. | ९ | कालिका प्रा.वि. |
| १३. | ९ | वासुकी नि.मा.वि. |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

यसरी विभिन्न विद्यालयहरूद्वारा शिक्षा प्रदान गर्ने प्रयास गरिएको छ । अन्यक्षेत्र जस्तै यस नगरपालिकामा पनि सरकारी विद्यालयप्रति भन्दा निजी विद्यालयप्रति सबैको विश्वास बढी रहेको पाइन्छ भने विद्यार्थीको संख्या पनि सरकारी भन्दा निजी विद्यालयमा नै बढी भएको पाइन्छ । गुणात्मक र संख्यात्मक दुवैतर्फको कुरा गर्दा पनि निजी क्षेत्रका विद्यालयको गुणात्मक पक्ष र संख्यात्मक पक्ष बढी रहेको पाइन्छ ।

## ४.५ नगरपालिकामा अवस्थित सामुदायिक वनहरूः

महालक्ष्मी नगरपालिकाको कूल क्षेत्रफल १३४५ हेक्टर छ, यसमा कृषि भूमि ६९४.५ हेक्टर छ भने बाँकी जमिनमध्ये वनजंगलको क्षेत्रफल ५५१ हेक्टर रहेकोछ । यसरी

रहेको वनजंगललाई स्थानीयवासिन्दाहरूले संरक्षण गर्दै आएका छन् । यसरी संरक्षण गरिएका वन अथवा सामुदायिक वनद्वारा स्थानीयवासिन्दाले आफ्ना कतिपय आवश्यकताहरू परिपूर्ति गरिरहेका पनि छन् । यहाँ रहेका विभिन्न सामुदायिक वनहरू निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.५**

**नगरपालिकाको सामुदायिक वनको विवरण**

| क्र.सं. | सामुदायिक वनको नाम |
|---|---|
| १. | श्री गणेश सामुदायिक वन |
| २. | पदाली सामुदायिक वन |
| ३. | पाट्ले सामुदायिक वन |
| ४. | माथिल्लो पाट्ले सामुदायिक वन |
| ५. | कार्कीडाँडा, गोलडाँडा सामुदायिक वन |
| ६. | माने डाँडा सामुदायिक वन |
| ७. | ढिकस्पाखा सामुदायिक वन |
| ८. | चिसापानी सामुदायिक वन |
| ९. | गोमति सामुदायिक वन |
| १०. | काफ्ले सामुदायिक वन |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

यी सामुदायिक वनहरूमा बाघ, चितुवा, मृग, बँदेल, दुम्सी, खरायो, वनबिरालो, स्याल, मलसाप्रो जस्ता जनावरहरूपाइन्छन् भने काँडे भ्याकूर, कोइली, जुरेली, रानीचरी, तित्रा जस्ता चराहरूपाइन्छन् ।

कटूस, पलाँट, उत्तिस, सल्ला, चिलाउने, बाक्ले, झिंगानी, अंगेरी, फिरफिरे, तथा सुगन्धवाल, पाखनवेद, ठूलो ओखती, बोझो, टिमुर, पिप्ला, धसिंगरे, तितेपाती, असूरो, कूरिलो, भक्किअमिलो, निउरो, गंधे निम, कोइरालो, काफल, ऐंसेलु, चुत्रो, हाडेवयर जस्ता जडिबुटी, फलफूल र तरकारीहरूपाइन्छन् ।

## ४.६ न.पा.मा अवस्थित उद्योग वा कारखानाः

महालक्ष्मीन.पा.मा विभिन्न किसिमका उद्योग तथा कलकारखानाहरू रहेका पाइन्छन् । यस न.पा.मा मुख्यतया दुईवटा कपडा उद्योगहरू छन् । साना उद्योगहरूमा अगरबत्ति बनाउने उद्योग एउटा रहेको छ । स्थानीय कच्चा सामग्रीमा आधारित तीनवटा बाँस निगालोबाट सामानहरू बनाउने कारखाना रहेका छन् । जनता, वासुकी, नरेन्द्र देव, अष्ट, कमल र टंक टेक्स्टाइल गरी कपडा उत्पादन गर्ने साना उद्योगहरू छन् । जसमा लगभग १५० जनाले रोजगार पाएका छन् भने प्रज्वल अगरबत्ती उद्योगले विभिन्न किसिमका धूप तथा अगरबत्तीहरू उत्पादन गर्दै स्थानीय २५ जनालाई रोजगारी दिएको छ ।

## ४.७ न.पा.मा अवस्थित मन्दिर तथा पर्यटकीय स्थानहरूः

महालक्ष्मी न.पा.मा विभिन्न मठ मन्दिर तथा पर्यटकीय स्थानहरू छन् । जस्ले गर्दा विभिन्न स्थानबाट मानिसहरू घुम्न र दर्शन गर्न आउने गर्दछन् । यहाँ विभिन्न मन्दिर, विभिन्न गुफा तथा स्तूपहरू रहेका छन् जस्ले पर्यटकको आगमनलाई निरन्तरता दिँदै आएका छन् ।

यस न.पा.मा रहेको विभिन्न मन्दिर, गुफा र स्तूपहरू निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**न.पा.मा रहेका मन्दिर, गुफा र स्तूपाहरूको विवरण**

| क.सं. | मन्दिर/गुफा/स्तूपहरूको नाम |
|---|---|
| १. | श्रृङ्गऋषि गुफा |
| २. | सप्त ऋषि गुफा |
| ३. | ब्रह्मेशवर मन्दिर (पन्चायान मन्दिर) |
| ४. | राम मन्दिर |
| ५. | श्री गणेश मन्दिर |
| ६. | गोचण्डेश्वरी मन्दिर |

| | |
|---|---|
| ७. | काशी विश्वेश्वर मन्दिर |
| ८. | भैरव मन्दिर |
| ९. | देवी स्थान मन्दिर |
| १०. | गौ ऋङ्गेश्वरी देवी मन्दिर (ऋङ्ग ऋषि गुफा) |
| ११. | वनदेवी मन्दिर |
| १२. | सिद्धिविनायक मन्दिर |
| १३. | शशाम्भु मन्दिर |
| १४. | माने चैत्य गुम्बा |
| १५. | वासुकी स्थान |
| १६. | मनमोहन टावर |

श्रोतः न.पा. सर्वेक्षण, २०६४ ।

यस न.पा.मा भएका विभिन्न मन्दिर, गुफा, टावर, गुम्बा आदिले पनि यस ठाउँको सौन्दर्यतालाई कायम राख्दै आएका छन् । विभिन्न गुफा र गुम्बाहरूले पर्यटकलाई पनि आकर्षण गरेको पाइन्छ ।

# अध्याय - ५

## दलित महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था

नेपालको जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरूको विभिन्न अवस्थाको बारेमा अध्ययन र अनुसन्धान गर्दा वास्तवमै तिनीहरूको अवस्था निकै दयनिय भएको पाइन्छ  भने दलित महिलाहरूको अवस्था त झनै दयनिय छ । नेपालको कूल जनसंख्याको लगभग ७ प्रतिशत जनसंख्या दलित महिलाहरूको रहेको छ तर पनि यिनीहरूले आफ्नो हक र अधिकारको लागि सँधै लडि रहे पनि समाजमा समान दृष्टिले हेर्ने आँखाको पनि अभाव रहेजस्तो हुन्छ ।

**तालिका नं. ५.१**

**नमूना छनौट गरिएका दलित महिलाहरूको जातिय विवरण**

| क्र.सं. | जातिको विवरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सार्की (पुर्कोटी) | १३ | २६.० |
| २. | सार्की (सुर्खेत) | ५ | १०.० |
| ३. | सार्की (मंग्रान्ती) | ४ | ८.० |
| ४. | सार्की (रोक्का) | ६ | १२.० |
| ५. | दमाई (परियार) | ४ | ८.० |
| ६. | सार्की (विसंखे) | ४ | ८.० |
| ७. | कामी (विश्वकर्मा) | ५ | १०.० |
| ८. | सार्की (बयलकोटी) | ९ | १८.० |
| | जम्माः | ५० | १००.० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.१अनुसार महालक्ष्मीन.पा.का दलित महिलाहरूले आफ्नो जातलाई विभिन्न थरमा प्रयोग गरेको पाइन्छ । पहिले पहिलेको जस्तो कामी, दमाई, सार्की नभएर विभिन्न किसिमका थरहरू राखेको पाइन्छ । सर्वेक्षण गरिएको ५० घरधुरीका दलित महिलाहरूमध्ये पूर्कोटी थर भएका महिलाहरू १३ अथवा २६ प्रतिशत छन् भने

सुर्खेती थर भएका महिलाहरू ५ अथवा १० प्रतिशत छन् । यसैगरी मंग्रान्ती थर भएका ४ अथवा ८ प्रतिशत, परियार थर भएका ४ अथवा ८ प्रतिशत र विसंखे थर भएका महिलाहरू पनि ४ अथवा ८ प्रतिशत छन् । रोक्का थर भएका महिलाहरूको संख्या ६ अथवा १२ प्रतिशत छ । विश्वकर्मा र बयलकोटी महिलाहरूको संख्या क्रमश: ५ र ९ अथवा १० र १८ प्रतिशत रहेको छ ।

यसरी दलित जातिका महिलाहरूले आफ्नो थरलाई कामी, दमाई, सार्की नभनेर पुर्कोटी, सुर्खेती, रोक्का आदि भन्ने गरेको पाइन्छ ।

यसरी स्थलगत सर्वेक्षण गर्दा कामी थरका महिलाहरूको परिवारको संख्या ५, दमाई थरका महिलाहरूको परिवारको संख्या ४ र सार्की थरका महिलाहरूको परिवारको संख्या ४१ गरेर ५० परिवारका दलित महिलाहरूको तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।

## ५.१ महालक्ष्मीका दलित महिलाहरूको सामाजिक अवस्था:

नेपाली हिन्दू समाज ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरि चार वर्णमा विभाजित छ । तत्कालिन राज्य व्यवस्थाले शूद्र वर्णका जातिलाई पानी नचल्ने, छोइछिटो हाल्नु पर्ने गरि अछूत बनाइएको थियो । दलित समुदाय र यसमा पनि दलित महिलाहरू आर्थिक क्षेत्रमा शोषित, सामाजिक क्षेत्रमा उत्पीडित, राजनैतिक क्षेत्रमा उपेक्षित, शिक्षाक्षेत्रमा बञ्चित र धार्मिक क्षेत्रमा अपहेलित भई राज्यको मूल प्रवाहबाट विस्थापित हुन पुगेको कुरा सर्वविदितै छ । दलित महिलाहरूको स्थितिलाई शसक्तिकरण गर्दै सबै क्षेत्रमा विकसित गर्दै राज्यको मूल प्रवाहमा समाहित गराई राष्ट्र निर्माणमा संलग्न गराउनको लागि विभिन्न संघ र संस्थाहरूले काम गरिरहेका छन् ।

दलित महिलाहरूको सामाजिक अवस्थाको बारेमा व्याख्या गर्दा यिनीहरू आर्य समाजको रेखाभित्र रहेका छन् । यिनीहरूको आफ्नो छुट्टै भाषा छैन । नेपाली भाषालाई मातृ भाषाको रूपमा मान्दछन् र शारीरिक बनावटमा पनि ब्राह्मण क्षेत्रीको भन्दा फरक हुँदैन । ब्राह्मण क्षेत्रीसँगको भाषिक एकता र शारीरिक समानताका साथै दलित

महिलाहरूले स्वीकार गरेका संस्कारहरू पनि ब्राह्मण क्षेत्रीको संस्कारसँग समानता पाइन्छ ।

### ५.१.१ जनसंख्याः

नमूना छनौट गरिएकामहालक्ष्मी न.पा. का दलित महिलाहरूको उमेर र लैङ्गिक संरचना तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.२**

**नमूना छनौट गरिएकामहालक्ष्मीका दलित परिवारकोउमेर र लैङ्गिकसंरचना विवरण**

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | ३३ | १३.३० | ३७ | १४.१९ | ७० | २८.२२ |
| १५-५९ | ७६ | ३०.६४ | ९० | ३६.२९ | १६६ | ६६.९३ |
| ६०+ | ८ | ३.२२ | ४ | १.६१ | १२ | ४.८३ |
| जम्मा | ११७ | ४७.१७ | १३१ | ५२.८२ | २४८ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तलिकानं. ५.२ मा देखाए अनुसार ० देखि १४ वर्ष उमेर समूहको जनसंख्या७० छ । यो स्थलगत सर्वेक्षण गरिएको कूल जनसंख्याको २८.२२ प्रतिशत हुन आउँछ । यस उमेर समूहको जनसंख्यालाई आश्रित जनसंख्या मानिन्छ भने ६०+ उमेर समूहको जनसंख्यालाई पनि आश्रित जनसंख्या मानिन्छ । ६०+ उमेर समूहको जनसंख्या १२ छ । यो स्थलगत सर्वेक्षण गरिएको कूल जनसंख्याको ४.८३ प्रतिशत हुन्छ । १५ वर्ष देखि ५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक क्रियाकलापमा सक्रिय वा आर्थिक उपाजर्न गर्न सक्ने जनसंख्याको रूपमा लिइन्छ । यसरी आर्थिक उपार्जन गर्न सक्ने उमेर समूहको जनसंख्या १६६ छ । यो सर्वेक्षण गरिएको कूल जनसंख्याको ६६.९३ प्रतिशत हो ।

यस तालिकाबाट के भन्न सकिन्छ भने नमूना सर्वेक्षण गरिएको क्षेत्र सानो अथवा ५० घरधुरीको मात्र जनसंख्या संकलन गरिएको हुँदा आर्थिक क्रियाकलापमा सक्रिय

जनसंख्याको प्रतिशत बढी भएको देखिन्छ र आश्रित जनसंख्याको प्रतिशत कम देखिन्छ । अर्को शब्दमा भन्दा हाम्रो देश विकासशील राष्ट्र भएकोले र अशिक्षाको कारणले गर्दा जन्मदर बढी भएको अवस्थामा आश्रित जनसंख्या बढी देखिनुको सट्टा विकसित राष्ट्रहरूको जस्तो क्रियाशील जनसंख्या बढी देखिएको छ । यसको कारण सर्वेक्षण गरिएको क्षेत्र सानो अथवा जम्मा ५० घरधुरीको मात्र तथ्याङ्क संकलन गरिएको हुँदा यस्तो देखिएको हो ।

यस तालिकाको अनुसार प्रत्येक उमेर समूहमा पुरुषको भन्दा महिलाको जनसंख्या बढी छ भने ६०+ उमेर समूहमा महिलाभन्दा पुरुषको जनसंख्या धेरै छ । यसो हुनुमा महिलाको सानै उमेरमा विवाह हुने र सानै उमेरमा आमा बन्ने, सुत्केरीमा स्याहार सुसार नपुग्ने, आहार स्वास्थ्य सुविधा नपाउनुको कारणले चाँडै बुढी जस्ती देखिने र चाँडै मृत्यु हुने हुनाले ६०+ वर्ष उमेर समूहमा पुरुषको भन्दा महिलाको जनसंख्या कम देखिएको हो । तर पनि समग्रमा भन्दा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी पाइन्छ ।

यस तालिका अनुसार ० देखि १४ वर्ष उमेर समूहमा पुरुषको जनसंख्या ३३ अथवा १३.३० प्रतिशत छ भने महिलाको जनसंख्या ३७ अथवा १४.१९ प्रतिशत रहेको पाइन्छ । यसैगरी सक्रिय जनसंख्याको अवस्था हेर्दा अथवा १५ वर्षदेखि ५९ वर्ष उमेर समूहमा पुरुषको संख्या७६ अथवा ३०.६४ प्रतिशत छ भने महिलाको जनसंख्या ९० अथवामा ३६.२९ प्रतिशत छ । यसैगरी ६०+ वर्ष उमेर समूहमा पुरुषको संख्या ८ अथवा ३.२२ प्रतिशत छ भने महिलाको संख्या ४ अथवा १.६१ प्रतिशत रहेको पाइन्छ ।

यस तालिका अनुसार पुरुषको भन्दा महिलाको संख्या बढी भए पनि यी महिलाहरू पुरुषमै निर्भर रहेको पाइन्छ । ज्याला मजदूरी गरेर जम्मा पारेको सम्पत्तिमा पनि श्रीमान्कै हैकम चल्ने गरेको पाइन्छ ।

### ५.१.२ शिक्षाः

सामाजिक रूपमा अछूत मानिएका दलित महिलाहरूको शैक्षिक अवस्था निकै पछाडि परेको देखिन्छ । आफ्नो पालामा दलित महिला भएकै कारण विद्यालय जान रोक

लगाइएको थियो भनेर ५५ वर्षिय एक दलित महिलाले अगाडि फेरी भन्छिन्– हाल विद्यालयमा प्रवेश गर्नबाट रोक नलगाएको भए तापनि आफ्नो आफ्नो जातिका कुनै पनि महिलाले उच्च शिक्षा हासिल नगरेको र आफ्ना सन्तानलाई पनि उच्च शिक्षाको लागि त्यति ध्यान नदिएको स्वीकार गर्छिन् ।

**तालिका नं. ५.३**

**महालक्ष्मीका दलित परिवारको साक्षरता अवस्थाको विवरण**

| विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | ८५ | ३६.९५ | ७५ | ३२.६० | १६० | ६९.५६ |
| निरक्षर | २५ | १०.८६ | ४५ | १९.५६ | ७० | ३०.४४ |
| जम्मा | ११० | ४७.८२ | १२० | ५२.१७ | २३० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तलिकानं. ५.३ मा देखाइए अनुसार यस अध्ययनका लागि छनौट गरिएका ५० घरधुरीका कूल जनसंख्यामध्ये चार वर्ष सम्मका बाल बालिकाहरूको संख्या बाहेकको जनसंख्याको शैक्षिक अवस्था हेर्दा महिलाको अनुपातमा पुरुषहरू नै लेख्न पढ्न सक्ने र शिक्षित देखिन्छन् । कूल जनसंख्याको ३६.९५ प्रतिशत पुरुषहरू साक्षर छन् भने १०.८६ प्रतिशत पुरुषहरू मात्र निरक्षर देखिन्छन् । कूल जनसंख्याको ३२.६० प्रतिशत महिलाहरू साक्षर देखिन्छन् भने १९.५६ प्रतिशत महिलाहरू निरक्षर छन् ।

**तालिका नं. ५.४**

**जाति अनुसार दलितहरूको साक्षर अवस्था**

| क्र.सं. | जति | पुरुष साक्षर | महिला साक्षर | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सार्की | ६७ | ५५ | १२२ | ७६.२५ |
| २. | दमाई | १० | १० | २० | १२.५० |
| ३. | कामी | ८ | १० | १८ | ११.२५ |
| | जम्माः | ८५ | ७५ | १६० | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.४ अनुसार दलित जातिभित्रका महिलाहरूको साक्षर अवस्थालाई हेर्दा सर्वेक्षण गरिएका ५० घरधूरीका जम्मा साक्षर जनसंख्याको ७६.२५ प्रतिशत साक्षर जनसंख्या सार्की जातिका छन् भने यसमा ४१.८७ प्रतिशत पुरुषहरू छन् भने ३४.३७ प्रतिशत महिलाहरू छन् । यसैगरी दमाई जातिका साक्षर जनसंख्या १२.५० प्रतिशत छ भने यसमा पुरुषको संख्या ६.२५ प्रतिशत र महिलाको संख्या पनि ६.२५ प्रतिशत नै रहेको पाइन्छ । यसैगरी कामीको साक्षर संख्या ११.२५ प्रतिशत छ । यसमा पुरुषको संख्या ५ प्रतिशत र महिलाको संख्या ६.२५ प्रतिशत रहेको छ ।

समग्रमा पुरुषहरूको अनुपातमा महिलाहरूको साक्षरताको दर कम र निरक्षरको दर बढी हुनुमा घरको कामकाजमा सहयोग गर्नुपर्ने, घरमा भएकाअन्य बालबालिकालाई स्याहार सुसार गर्नु पर्ने र विवाह गरेर अर्काको घरमा पठाउने भएकोले आमा बावुले छोरीलाई स्कूल नपठाउने प्रथाले गर्दा महिलाको साक्षरता दर कम भएको पाइन्छ ।

**तालिका नं. ५.५**

**महालक्ष्मीका दलितहरूको शैक्षिक विवरण**

| शैक्षिक स्तर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १-५ कक्षासम्म | ५६ | ३५.० | ३९ | २४.३ | ९५ | ५९.३ |
| ६-९ कक्षासम्म | १३ | ८.१ | २६ | १६.२ | ३९ | २४.३ |
| एस.एल.सी. | ११ | ६.८ | ६ | ३.७ | १७ | १०.६ |
| आई.ए.+ | ५ | ३.१ | ४ | २.५ | ९ | ५.६ |
| जम्मा | ८५ | ५३.१२ | ७५ | ४६.८७ | १६० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.५ अनुसार दलित महिलाहरूको शैक्षिक स्तरको अध्ययन गर्दा कूल साक्षर जनसंख्यामा पुरुषको संख्या भन्दा महिलाको संख्या कम भएको पाइन्छ भने कक्षा ५ सम्म मात्र अध्ययन गर्नेको संख्या हेर्दा पुरुषको संख्या ५६ अथवा ३५ प्रतिशत छ भने महिलाकोत्रसंख्या ३९ अथवा २४.३ प्रतिशत भएको पाइन्छ । यसैगरी कक्षा ९ सम्म अध्ययन गर्नेको संख्या जम्मा ३९ अथवा २४.३ प्रतिशत छ । यसमा पुरुषको

संख्या १३ अथवा ८.१ प्रतिशत र महिलाको संख्या २६ अथवा १६.२ प्रतिशत रहेको पाइन्छ । यसैगरी एस.एल.सी. पास गर्नेको संख्या हेर्दा १७ जना अथवा १०.६ प्रतिशत मात्र छ । यसमा पुरुषहरूको संख्या ११ अथवा ६.८ प्रतिशत छ भने महिलाहरूको संख्या ६ अथवा ३.७ प्रतिशत छ ।

विद्यालय स्तर पास गरेर क्याम्पस स्तरमा पढेकाहरूको संख्या पनि निकै कम देखिन्छ । जसमा पुराष्हरूको संख्या ५ अथवा ३.१ प्रतिशत छ भने महिलाहरूको संख्या ४ अथवा २.५ प्रतिशत हुन आउँछ ।

यसरी साक्षरताको स्थितिलाईहेर्दा पनि महिलाको अनुपातमा पुरुषहरूको संख्या धेरै छ भने शैक्षिक विवरणमा पनि प्रत्येक तह र जति माथि तह बढ्दै जान्छ महिलाको संख्या वा प्रतिशत घट्दै गएको पाइन्छ । यस्तो हुनुमा छोरीको शिक्षाप्रति आमाबावुले त्यति चासो नदिनु, घरको कामको साथसाथै बालबच्चालाई स्याहार सुसार गर्नु पर्ने पनि एउटा कारण हो भने अर्को कारणको रूपमा गरिबी देखा पर्दछ । असम्पन्नताको कारण काम गर्न, मेलापात गर्न नसक्ने हुँदासम्म स्कूल पठाइन्छ भने आर्जन गर्न सक्ने भएपछि मेलापाततिर लिएर जाने हुँदा छोरीको पढाई बीचमै छुटेको पाइन्छ । तर छोराले पढ्न चाहेमा मेलापात गर्न जान नपर्ने हुनाले पुरुषको साक्षरता दर महिलाको भन्दा बढी भएको पाइन्छ ।

### ५.१.३ धर्मः

विश्वको कुनै पनि मानिस कुनै न कुनै धर्मबाट प्रभावित भएका हुन्छन् र आश्रित पनि हुन्छन् । प्राचीन कालदेखि नै नेपालमा हिन्दू धर्मको बाहुल्यता रहँदै आएको हुनाले प्रजातन्त्रको पुनर्वहाली पश्चात निर्मित नेपाल अधिराज्यको संविधानले नेपाललाई हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रूपमा स्थापित गरेको भए तापनि जनआन्दोलन २०६२।०६३ अथवा लोकतन्त्रको स्थापना पछाडि धर्म निरपेक्ष देश भनि घोषणा गरिएको छ तापनि यहाँ हिन्दू धर्माबलम्बीको संख्या अत्यधिक रहेको पाइन्छ ।

हिन्दू धर्मको अनुसरण गर्ने विभिन्न जातिका महिलाहरूमध्ये दलित महिलाहरू पनि एक हुन् । दलित महिलाहरूमध्ये धेरैजसो हिन्दू धर्माबलम्बी भए पनि कतिपय महिलाहरू हिन्दू धर्म अन्तर्गत पर्ने कृष्ण प्रणामी र कतिपय महिलाहरू क्रिश्चियन धर्मप्रति पनि लागेको पाइन्छ ।

महालक्ष्मीका दलित महिलाहरूको धर्मको विवरणलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.६**

**दलित महिलाले मान्ने गरेको धर्मको विवरण**

| क्र.सं. | धर्मको विवरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दू | ३८ | ७६.०० |
| २. | कृष्ण प्रणामी | ३ | ६.०० |
| ३. | क्रिश्चियन | ९ | १८.०० |
| जम्मा: | | ५० | १००.०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.६ अनुसार स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरी मध्ये ३८ अथवा ७६ प्रतिशत घरधुरीका महिलाहरू हिन्दू धर्ममा विश्वास गर्दछन् भने हिन्दू धर्मअन्तर्गतकै कृष्ण प्रणामी धर्माबलम्बीको संख्या ३ अथवा ६ प्रतिशत घरधुरीका महिलाहरू कृष्णप्रणामी धर्ममा विश्वास गर्दछन् भने क्रिश्चियन धर्म मान्ने परिवारको संख्या ९ अथवा १८ प्रतिशत छ ।

यसरी महालक्ष्मी न.पा.का दलित महिलाहरूले मान्ने गरेको धर्मको विवरण हेर्दा धर्म परिवर्तन गर्ने प्रचलन बढ्दै गै रहेको छ । हिन्दू धर्ममा भएको उचनीच, भेदभाव, छुवाछूत आदिले गर्दा हिन्दू धर्म त्यागेर क्रिश्चियन धर्ममा लाग्ने प्रथा दिन प्रतिदिन बढ्दै गैरहेको छ । किनभने हिन्दू धर्मको तुलनामा क्रिश्चियन धर्ममा छुवाछूत, भेदभाव र उचनीच निकै कम हुन्छ ।

### ५.१.४ भाषा र संस्कारः

संसारमा सवै मानिसहरूको लागि आफ्ना मनका भावना, विचार, इच्छा व्यक्त गर्न कुनै न कुनै भाषाको जरुरत पर्दछ। त्यस्तै नेपालमा बसोबास गर्ने विभिन्न जाति तथा जनजातिहरूको आ-आफ्ना भावना प्रकट गर्ने माध्यम पनि उनीहरूको आ-आफ्नै मातृभाषा र नेपाली भाषा नै हो । यहाँका दलित जातिका महिलाहरूले प्रयोग गर्ने भाषा नेपाली नै हो। यिनीहरूको छुट्टै मातृभाषा भएको पाइँदैन।

संस्कार र संस्कृतिको कुरा गर्दा दलित महिलाहरूले पनि अन्य महिलाहरूले मान्ने पर्वहरू र संस्कारहरूलाई पछ्याएको पाइन्छ । हिन्दू धर्म मान्ने दलित महिलाहरूले अन्य हिन्दू धर्माबलम्बी महिलाहरूले मनाउने गरेको विभिन्न चाडपर्वहरू जस्तै तीज, दशैं, तिहार, जनैपूर्णिमा, माघे संक्रान्ति, होली पूर्णिमा, चैते दशैं आदि पर्व मनाउने चलन छ भने क्रिश्चियन दलित महिलाहरूले पनि अन्य जातका क्रिश्चियन महिलाहरूले जस्तै आ-आफ्ना पर्वहरू मनाउने गर्दछन्।

दलित महिलाहरूले मान्ने गरेका विभिन्न संस्कारहरू पनि अन्य जातका महिलाहरूले मान्ने गरेको संस्कारहरूलाई मान्ने गरिन्छ। बच्चा जन्मेपछि न्वारन गर्ने, राम्रो दिन हेरेर खाना खुवाउने, साइतमा विवाह गर्ने, मानिसको मृत्यु भएमा जूठो वार्ने जस्ता संस्कारहरू रहेको पाइन्छ ।

### ५.२ महालक्ष्मीका दलित महिलाहरूको आर्थिक अवस्थाः

दलित महिलाको आर्थिक स्थितिको चर्चा गर्दा के कुरालाई ध्यानमा राख्नु पर्छ भने नेपालमा हिन्दू धर्मको प्रभुत्व रहेको छ । हिन्दू पितृ सत्तात्मक समाजमा पुरुषको प्रधानता र प्रभुत्व नै बढी रहेको हुन्छ। जहाँ स्वभावैले पैत्रिक सम्पत्तिको उत्तराधिकारी छोरातर्फ सर्दै जान्छ। महिलाहरू पुरुषमाथि निर्भर एवं आश्रित हुन्छन्। पुरुषको प्रथम स्थान र महिलाको द्वितीय स्थान रहेको हुन्छ भने महिलाहरू आर्थिक पराधिनतामा रहेका हुन्छन्। महिलाहरू पुरुषको अधिनमा रहनु पर्ने स्थिति नेपालका प्रायः जसो सबै जातजातिहरूको प्रथाको रूपमा रहँदै आएको छ । यो प्रथा दलित महिलामा पनि

यथावत छ । दलित समाजमा पनि सम्पत्तिको हक र अधिकार प्रायः पुरुषमा नै हुन्छ । ज्यालामजदूरी गरेर जम्मा पारेको रकममा पनि प्रायः श्रीमान्कै हक र अधिकार हुन्छ । पैत्रिक सम्पत्तिमा पनि पुरुषकै हक हुन्छ र उनीहरूको अधिनमा हुने भएकोले प्रायः पुरुषकै नाममा रहेको हुन्छ ।

### ५.२.१ पेशा :

दलित महिलाहरूको आर्थिक अवस्थाको बारेमा कुरा गर्दा यिनीहरूको पेशाको बारेमा चर्चा गर्नु जरुरी हुन्छ । पैत्रिक सम्पत्तिक बाहेक पेशाले नै आर्थिक स्थितिको निर्धारण गर्दछ । सामान्यतः कृषि पेशाले नै प्रभाव पारेको पाइन्छ । तर पनि आजभोली कृषि पेशालाई विस्तारै विस्तारै छाड्दै अन्य नगद आम्दानी हुने पेशालाई अंगाल्न थालेको पाइन्छ । यस जातिका महिलाहरूको पेशाको विवरणलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.७**

**महालक्ष्मीका दलितहरूले अपनाउने पेशाको विवरण**

| पेशा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | ३७ | २६.० | १५ | १०.५ | ५२ | ३६.६ |
| परम्परागत पेशा | १० | ७.० | ३ | २३.२ | ४३ | ३०.२ |
| घरधन्दा | २३ | १६.१ | ० | ० | २३ | १६.१ |
| यातायात मजदूर | ० | ० | ५ | ३.५ | ५ | ३.५ |
| अर्काकोमा कामगर्ने | १ | ०.७ | ६ | ४.२ | ७ | ४.९ |
| वैदेशिक रोजगार | ० | ० | ३ | २.१ | ३ | २.१ |
| नोकरी | ४ | २.८ | ५ | ३.५ | ९ | ६.३ |
| जम्मा | ७५ | ५२.८ | ६७ | ४७.१८ | १४२ | १०० |

श्रोतः  स्थलगत सर्वेक्षण, २०७५ ।

तलिका नं. ५.७ बाट दलित महिलाहरूको पेशागत स्थितिलाई बुझ्न सकिन्छ । अध्ययन गरिएका ५० घरधुरीका सम्पूर्ण  कार्यरत महिलासँग सोधिएको प्रश्नको

आधारमा यो तालिका तयार पारिएको हो । यो तालिका अनुसार कृषि व्यवसाय वा कृषि मजदूरको रूपमा दलित महिलाहरूको उपस्थिति बढी छ । जहाँ ज्याला न्यून हुन्छ र परिश्रम बढी गर्नु पर्दछ । अर्कोतर्फ कृषि मजदूर वा कृषि व्यवसाय गर्दा आफ्नै गाउँ घरमा गरिने हुनाले महिलाहरू गाउँ घरमै सीमित हुन्छन् । कृषि व्यवसाय वा कृषि मजदूरको रूपमा पुरुषहरूको उपस्थिति १५ जना मात्र छन् जुन कूल कामदारको संख्याको १०.५ प्रतिशत हुन आउँछ भने कृषि कामदारको रूपमा उपस्थित हुने महिलाको संख्या ३७ छ जुन कूल कामदारको संख्याको २६ प्रतिशत हुन्छ । यसैगरी परम्परागत पेशालाई हेर्दा १० जना अथवा ७ प्रतिशत महिलाले मात्र परम्परागत पेशा अपनाएको पाइन्छ , यो पनि परियार जातका, अर्को शब्दमा भन्दा दलित महिला भै जस्ले कपडा सिलाउने काम गर्दछन् उनीहरूले आफ्नै घरमा बसेर कपडा सिलाउने कार्य गर्दछन् । परम्परागत पेशा अपनाउने पुरुषहरूमा जुत्ता सिलाउने, फलामको भाँडा बनाउने र कपडा सिलाउने पनि रहेका छन् । परमपरागत पेशा अपनाउने पुरुषहरूको संख्या ३३ अथवा २३.२ प्रतिशत रहेको पाइन्छ ।

यसैगरि घरधन्दामा मात्र सीमित महिलाहरूको संख्यालाई हेर्दा यस्ता महिलाहरूको संख्या २३ अथवा १६.१ प्रतिशत छ । घरधन्दामा पुरुषहरूको संख्याशून्य छ भने यातायात मजदूरमा ६ जना पुरुषहरू आवद्ध छन् जसको प्रतिशत ३.५ प्रतिशत हुन आउँछ भने यातायात मजदूरमा महिलाहरूको उपस्थिति शून्य छ । यसैगरि अर्काको घरमा वा पसलमा काम गर्ने महिलाको संख्या १ मात्र छ । यो कूल जनसंख्याको ०.७ प्रतिशत हो । अर्काको  घरमा वा पसलमा काम गर्ने पुरुषहरूको संख्या ६ अथवा ४.२ प्रतिशत रहेको छ । वैदेशिक रोजगारको अवस्थालाई हेर्दा महिलाहरूको उपस्थिति रहेको छैन भने पुरुषहरूको संख्या ३ अथवा २.१ प्रतिशत रहेको छ ।  नोकरीमा महिलाको संख्या ४ अथवा २.८ प्रतिशत र पुरुषहरूको संख्या ३.५ प्रतिशत रहेको पाइन्छ ।

यस तालिका अनुसार काम गर्नेको जनसंख्यालाई हेर्दा पुरुषको संख्या भन्दा महिलाको संख्या बढी छ । काम गर्ने महिलाको संख्या७५ अथवा ५२.८ प्रतिशत छ भने काम गर्ने पुरुषको संख्या ६७ अथवा ४७.१८ प्रतिशत छ । यस्तो हुनुको प्रमुख कारण यो हो कि,

पुरुषहरू राम्रो आय आर्जन हुने काममा मात्र जान्छन् भने महिलाहरू कम आय आर्जन हुने काममा पनि उपस्थित हुन्छन् । यदि राम्रो आम्दानी हुँदैन भने पुरुषहरू यत्तिकै घुमेर बस्छन् तर महिलाले यो भन्ने अवस्था छैन । यसको ज्वलन्त उदाहरण गाउँ घरमा हुने कार्यक्रमलाई लिन सकिन्छ । न.पा., कुनै संघ संस्था अथवा कुनै समूहले कार्यक्रम आयोजना गऱ्यो भने त्यहाँ पुरुषको तुलनामा महिलाहरू नै बढी उपस्थित भएको पाइन्छ । किनभने त्यहाँ कुनै नगद आम्दानी हुँदैन । अर्को कुरा यो तालिकाबाट के भन्न सकिन्छ भने महिलाहरू गाउँ घरमै सीमित छन् । महिलाहरूले ज्यालादारी गरे पनि अथवा मजदूरी गरेर जीवन यापन गरे पनि उनीहरूले काम गर्ने कार्य क्षेत्र गाउँ घरमै सीमित छ । गाउँ घरकै सस्तो ज्यालामा उनीहरूले आफ्नो परिश्रम र पसिना बगाउन बाध्य छन् ।

### ५.२.२ पशुपालनः

महालक्ष्मी नगरपालिका अन्तर्गत दलित जातिको बसोबास भएका वडा नं. ९ मा सामुदायिक वन लगायत सार्वजनिक वन क्षेत्र बढी भएको र पशुपालनको लागि आवश्यक घाँस, स्याउला आदिको आपूर्ति सजिलैसँग गर्न सक्ने क्षमता भए पनि यस जातिका कुनै पनि परिवारले व्यवसायको रूपमा पशुपालन गरेको देखिंदैन । यस जातिका केही परिवारले १-२ वटा गाई, बाखा, बंगूर, बँदेल पालेको स्थलगत सर्वेक्षणबाट देखिए तापनि पशुपालन तर्फ यस जातिले त्यति चासो दिएको जस्तो लाग्दैन ।

**तालिका नं. ५.८**

**दलित परिवारमा पशुपालनको स्थिति**

| पशुको विवरण | पशुपाल्ने परिवारको संख्या | प्रतिशत | पशुको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| गाई | ८ | १९.०४ | ९ | १०.२२ |
| बाखा | १८ | ४२.८५ | ५७ | ६४.७७ |
| बंगूर | १५ | ३५.७१ | २१ | २३.८६ |
| बँदेल | १ | २.३८ | १ | १.३३ |
| जम्मा | ४२ | १००.०० | ८८ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.८ अनुसार यस जातिले आर्थिक उपार्जनको रूपमा पशुपालन व्यवसायलाई अपनाएको पाईंदैन । यस अध्ययनको लागि जम्मा ५० घर छनौट गरिएकोमा पशुपाल्ने परिवारको संख्या ४२ मात्र देखिन्छ जुन परिवारको संख्या कूल परिवार संख्याको ८४ प्रतिशत हुन्छ भने १६ प्रतिशत परिवारले पशुपालन नगरेको पाइन्छ ।

यसरी पशुपालन गर्ने ४२ परिवार मध्ये ८ परिवारले अर्थात् १९.०४ प्रतिशतले गाई पालेको पाइन्छ भने कूल पशुपालन गर्ने परिवार मध्ये १८ अथवा ४२.८५ प्रतिशतले बाखा पालेको पाइन्छ । यसैगरी बंगूर पाल्ने परिवारको संख्या १५ अर्थात् ३५.७१ प्रतिशत छ भने बँदेल पाल्ने परिवारको संख्या १ अथवा २.३८ प्रतिशत रहेको छ । यसरी पशुपाल्ने परिवारहरूले पशुको संख्यामा गाई पाल्ने परिवारको संख्या ८ भए पनि गाईको संख्या ९ अथवा कूल पशुको संख्याबाट ९ प्रतिशत छ । यसैगरी बाखाको संख्या ५७ अथवा ६४.७७ प्रतिशत, बंगूरको संख्या १५ अथवा २३.८६ प्रतिशत र बँदेलको संख्या १ अथवा १.१३ प्रतिशत पशुहरूको संख्या छ ।

यसरी पशुपालनको सँगसँगै आफ्नो घरमा १-१४ वटा कुखुराहरू पनि पालेको पाइन्छ । यसरी पशुपालन सँगै कुखुरा पाल्ने परिवारको संख्या ११ छ भने ११ परिवारले पालेको कुखुराको संख्या ८७ छ ।

यसरी दलित परिवारमा पशुपालनको विवरण र यसमा खट्ने मान्छेको बारेमो कुरा गर्दा पशुपालनमा लगभग ९५ प्रतिशत काम महिलाहरूकै हुन्छ । गोबर, सोत्तर, घाँस, दाना, हेर विचार सबै कार्य महिलाहरूले नै गरेको पाइन्छ । तर स्याहार सुसार हुर्काउने बढाउने कार्य महिलाद्वारा भए पनि अन्त्यमा आएर बेचविखन गर्ने कार्य पुरुषबाट भएको पाइन्छ ।

### ५.२.३ जमीनको वर्गिकरण:

महालक्ष्मीनगरपालिका अन्तर्गत पर्ने वडा नम्बर ९ मा दलित जातिको बसोबास भएको र उनीहरूको जीवन निर्वाहको प्रमुख श्रोत कृषि भए पनि यस जातिको स्वामित्वमा जमीन एकदमै कम भएको पाइन्छ । दलित जातिको बस्ती प्रायः पाखोबारीतिर, सडकको छेउमा भएको ऐलानी जग्गामा भएको पाइन्छ भने विभिन्न

किसिमका अन्न उत्पादन हुने र हुनसक्ने जमीनमा यिनीहरूको पहुँच निकै कम भएको पाइन्छ ।

**तालिका नं. ५.९**

**दलित जातिमा जमीनको विवरण**

| जमीनको विवरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| जमीन नहुने | ७ | १४ |
| जमीन हुने | ४३ | ८६ |
| जम्मा | ५० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तलिका नं. ५.९ बाट दलित जातिमा भएको जमीनको विवरणलाई बुझ्न सकिन्छ । उपरोक्त तालिकाबाट जानकारी हुन्छ कि सर्वेक्षण गरिएका ५० घरधुरी मध्ये ७ परिवारसँग आफ्नो स्वामित्वमा कुनै जग्गा नभएको जानकारी हुन्छ यो कूल परिवार संख्याको १४ प्रतिशत हुन आउँछ भने आफ्नो जमीन हुने परिवारको संख्या ४३ अथवा ८६ प्रतिशत छ ।

जमिनको स्वामित्व भएका दलित परिवारमा दलित महिलाहरूको जमीनमा स्वामित्वको अवस्थालाई हेर्दा यो निकै कम भएको पाइन्छ । दलित परिवारमा पनि अन्य जातिमा जस्तै जमीनको स्वामित्वमा पुरुषहरूकै हावी भएको पाइन्छ । यो कुरालाई निम्न तालिकाद्वारा देखाउन सकिन्छ ।

**तालिका नं. ५.१०**

**दलितहरुमा जमीनको स्वामित्वको विवरण**

| जमीनको क्षेत्रफल | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ आनासम्म | ४ | ९.३० | ३ | ६.९७ | ७ | १६.२७ |
| ५-८ आनासम्म | ६ | १३.९५ | ९ | २०.९३ | १५ | ३४.८८ |
| ९-१६ आनासम्म | १ | २.३२ | १० | २३.२५ | ११ | २५.८५ |
| १ रोपनीभन्दा माथि | २ | ४.६५ | ८ | १८.६० | १० | २३.२५ |
| जम्मा | १३ | ३०.२३ | ३० | ६९.७६ | ४३ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तलिका नं. ५.१० बाट स्पष्ट रूपमा बुझ्न सकिन्छ कि यस जातिमा पनि अन्य जातिको जस्तै जमीनको स्वामित्वमा महिलाहरूको पहुँच निकै कम छ । आफ्नो स्वामित्वमा ४ आनासम्म जमीन हुने महिलाको संख्या ४ छ, यो कूल जमीनको स्वामित्व भएको दलित परिवारको संख्याको ९.३० प्रतिशत हुन आउँछ । ४ आना सम्म जमीनको स्वामित्व भएका पुरुषहरूको संख्या ३ अथवा ६.९७ प्रतिशत रहेको छ । त्यसै गरि ५ देखि ८ आनासम्म जमीनको स्वामित्व भएका महिलाहरूको संख्या ६ अथवा १३.९५ प्रतिशत छ भने पुरुषको संख्या ९ अथवा २०.९३ प्रतिशत छ । त्यसैगरि ९ आना देखि १ रोपनी सम्म जमनिको स्वामित्व भएका महिलाहरूको संख्या १ अथवा २.३२ प्रतिशत छ भने पुरुषहरूको संख्या १० अथवा २३.२५ प्रतिशत रहेको छ । यसैगरि १ रोपनी भन्दा बढी जग्गा भएका परिवारमा जमीनको स्वामित्व भएका महिलाहरूको संख्या २ अथवा ४.६५ प्रतिशत र पुरुषको संख्या ८ अथवा १८.६० प्रतिशत छ ।

यस तालिकाबाट जग्गाको स्वामित्वमा महिलाहरूको अवस्थालाई व्याख्या गर्दा थोरै जग्गाको स्वामित्व केही महिलाहरूको नाममा भए पनि धेरै जग्गाको स्वामित्वमा महिलाहरू निकै पछाडि छन् । यसैमा पनि कतिपय महिलाहरूमा जमीनको स्वामित्व आउनुमा श्रीमान्को मृत्यु भएपछि सोही सम्पत्ति श्रीमतीमा नामसारी भएको पाइन्छ भने केही दलितहरूले आफ्नै नगद आर्जन गरी श्रीमतीको नाममा सुरक्षित राखेको पाइन्छ । यसरी श्रीमतीको नाममा राखेमा भाइ अंश नलाग्ने भएकोले यसो गरेको पाइन्छ । तर यसो गर्नेको संख्या निकै कम छ ।

यसरी यो तालिकाले पनि महिलाहरूको आर्थिक अवस्था अथवा आर्थिक सम्पन्नता पछाडि परेको अवस्था छ भन्न सकिन्छ ।

**तालिका नं. ५.११**

**दलित जातीले कमाएको जमीनको विवरण**

| **जमीनको विवरण** | **परिवारको संख्या** | **प्रतिशत** |
|---|---|---|
| ० देखि ४ आनासम्म | २ | १८.१८ |
| ५ देखि ८ आनासम्म | ४ | ३६.३६ |
| ९आनादेखि १ रोपनीसम्म | २ | १८.१८ |
| १ रोपनी भन्दा माथि | ३ | २८.२८ |
| जम्मा | ११ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

उपरोक्त तालिका अनुसार ११ घर परिवारले अरुको स्वामित्वमा रहेको जमीन कमाएको देखिन्छ । यसरी अर्काको स्वामित्वमा भएको जमीन कमाउनेहरूमध्ये ४ आनासम्म जमीन कमाउने परिवारको संख्या २ अथवा १८.१३ प्रतिशत छ । यसैगरि ५ आना देखि ८ आनासम्म जमीन कमाउनेहरूको संख्या ४ अथवा ३६.३६ प्रतिशत छ भने ९ आनादेखि १ रोपनी सम्म जग्गा कमाउनेको संख्या २ अथवा १८.१८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी १ रोपनी भन्दा बढी अर्काको जमीन कमाउने परिवारको संख्या ३ अथवा २७.२७ प्रतिशत रहेको पाइन्छ । जग्गा कमाउने परिवारको संख्या र जमीनको स्वामित्वको क्षेत्रफल पनि विभिन्न कारणले गर्दा घट्दै गैरहेको पाइन्छ । यी कारणहरूमध्ये भूमि सुधार सम्बन्धी बनेका विभिन्न नियमहरू, घट्दो कृषि व्यवसाय र बढ्दो शहरीकरणलाई मुख्य रूपमा लिन सकिन्छ ।

### ५.२.४ खाद्यान्न परिपूर्तिको स्थिति :

जुनसुकै जात, वर्ग, पेशासँग सम्बन्धित भए पनि खाद्यान्न प्राणीहरूको लागि अति आवश्यक तत्व हो । नेपालमा बसोबास गर्ने जाति, वर्ग, समुदाय जे जति छन् तिनीहरूले पनि केही न केही उत्पादन, उपभोग र परिपूर्ति गरिरहेकै हुन्छन् । त्यस्तै लामाटारमा बसोबास गर्दै आएका दलित जातिको स्वामित्वमा जमीन अति नै कम भएकाले पनि यिनीहरूले अरुको स्वामित्वमा रहेको जमीनमा मोहीको रूपमा काम गर्दै

आएका छन् । यस जातिको केही जनसंख्या कृषि मजदूरको रूपमा भए पनि जमीनबाटै वर्षभरि नै खाद्यान्न पुग्ने परिवारको संख्या निकै कम छ ।

**तालिका नं. ५.१२**

**दलित जातिमा खाद्यान्न परिपूर्तिको स्थिति**

| खान पुग्ने महिना | आफ्नै जग्गाद्वारा | प्रतिशत | कमाएको जग्गाद्वारा | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि २ | ५ | २९.४१ | २ | ४०.०० |
| ३ देखि ४ | ६ | ३५.२९ | २ | ४०.०० |
| ५ देखि ६ | २ | ११.७६ | ० | ० |
| ७ देखि १० | ४ | २३.५२ | ० | ० |
| ११ देखि १२ | ० | ० | १ | २०.०० |
| जम्मा | १७ | १०० | ५ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तलिका नं. ५.१२ बाट केदेखिन्छ भने यस जातिको अत्यधिक जनसंख्यालाई आफ्नो जग्गाद्वारा अथवा कमाएको जग्गाद्वारा वर्ष भरिनै खान पुग्ने अवस्था निकै कम भएको पाइन्छ । आफ्नै जग्गाद्वारा २ महिना सम्म खानपुग्ने परिवारको संख्या ५ अथवा २९.४१ प्रतिशत छ भने ३ महिना देखि ४ महिनासम्म आफ्नो जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या ६ अथवा ३५.२९ प्रतिशत छ । ५ देखि ६ महिनासम्म आफ्नो जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या २ अथवा ११.७६ प्रतिशत छ भने ७ महिनादेखि १० महिनासम्म आफ्नै जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या ४ अथवा २३.५२ प्रतिशत छ । आफ्नो जग्गाको आम्दानीले वर्ष भरि नै खान पुग्ने परिवारको संख्याशून्यछ ।

यसैगरी अर्काको जग्गा कमाएर अर्काको जग्गाको आम्दानीले आफ्नो जिविका चलाउने परिवारको संख्या जम्मा ५ छ । यस मध्ये अर्कोको जग्गाको आम्दानीबाट २ महिनासम्म खान पुग्ने परिवारको संख्या २ अथवा ४० प्रतिशनत छ । यसै गरि ३ महिना देखि ४ महिनासम्म अर्काको जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या पनि २ अथवा ४० प्रतिशत नै छ । यसैगरि ५ देखि ६ महिना र ७ देखि १० महिना

सम्म खान पुग्नेको संख्याशून्य छ भने वर्ष भरिनै अर्काको जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या १ अथवा २० प्रतिशत छ ।

माथिको तालिकाद्वारा के बुझिन्छ भने स्थलगत सर्वेक्षण गरिएका ५० घरधूरीमध्ये लगभग सबैले खाद्यान्नको परिपूर्ति बजारबाट नै गरेको पाइन्छ । ५० घरधुरीमध्ये घर घडेरी र तरकारीको लागी मात्र जग्गा भएको परिवारको संख्या २६ छ । आफ्नो जग्गा प्रशस्त नभएका कारणले पनि यस जातिमा जीविकोपार्जनको लागि निकै समस्या भएको देखिन्छ ।

### ५.२.५ नगद आम्दानीको अवस्थाः

स्थलगत सर्वेक्षण गरिएका दलितहरूको कूल जनसंख्या ३६.६ प्रतिशत कृषि क्षेत्रमा, ३०.२ प्रतिशत परम्परागत पेशामा, १६.१ प्रतिशत घरधन्दामा, ३.५ प्रतिशत यातायात मजदूर, ४.९ प्रतिशत अर्काको घरमा काम गर्ने, २.१ प्रतिशत वैदेशिक रोजगार र ६.३ प्रतिशत नोकरीमा रहेका पाइन्छन् । यसमध्ये महिलाहरूको आम्दानीको कुरा गर्दा कृषि मजदूरको रूपमा २६ प्रतिशत, परम्परागत पेशातर्फ ७ प्रतिशत, घरधन्दामा १६.१ प्रतिशत, अर्काकोमा काम गर्ने ०.७ प्रतिशत र नोकरीतर्फ २.८ प्रतिशत महिलाहरू छन् । यसरी विभिन्न पेशालाई आत्मसाथ गरि कमाएको नगद आम्दानीलाई निम्न अनुसारको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.१३**

**दलित महिलाहरूको वार्षिक नगद आम्दानीको विवरण**

| रु. हजारमा | महिलाहरूको संख्या | प्रतिशत |
|---|---|---|
| ० देखि २० | १० | २०.० |
| २१ देखि ३० | ४ | ८.० |
| ३१ देखि ५० | ९ | १८.० |
| ५१ देखि ७५ | ११ | २२.० |
| ७५ भन्दा माथि | १६ | ३२.० |
| जम्मा | ५० | १००.० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नं. ५.१३ अनुसार के थाहा पाउन सकिन्छ भने वर्ष भरिकाम गरेर वार्षिक २० हजार रूपैयाँसम्म आय आर्जन गर्ने महिलाको संख्या १० अथवा २० प्रतिशत छ भने वार्षिक २१ हजार देखि ३० हजारसम्म नगद आम्दानी गर्ने महिलाको संख्या ४ अथवा ८ प्रतिशत छ । यसैगरी वार्षिक ३१ हजार देखि ५० हजारसम्म नगद आम्दानी गर्ने महिलाको संख्या ९ अथवा १८ प्रतिशत छ । वार्षिक ५१ हजार देखि ७५ हजार सम्म नगद आम्दानी गर्ने महिलाको संख्या ११ अथवा २२ प्रतिशत छ भने वार्षिक ७५ हजार भन्दा माथि नगद आम्दानी हुने परिवारको संख्या १६ अथवा ३२ प्रतिशत छ ।

तालिकामा देखाइएको वार्षिक नगद आम्दानीको अवस्था प्रत्येक परिवारका महिलाको आम्दानीको विवरण हो । मजदूरी गरेर, परम्परागत पेशा अपनाएर, अर्काको पसलमा काम गरेर, नोकरी आदि विभिन्न किसिमका कामहरूद्वारा संकलित अथवा आर्जित नगद विवरणको अवस्था हो ।

**तालिका नं. ५.१४**

**दलित महिलाहरूमा ऋण लिने र दिनेको संख्या**

| विवरण | महिलाहरूको संख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिने | ३५ | ७० |
| ऋण दिने | १२ | २४ |
| ऋण नलिने | ३ | ६ |
| जम्मा: | ५० | १००.० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।

अध्ययनका लागि छनौट गरिएका ५० घर परिवारका महिलाहरूमध्ये ३५ जना महिलाहरूले ऋण लिएका छन् । यो स्थलगत सर्वेक्षण गरिएको दलित महिलाहरूको घरधूरीको कूलसंख्याको ७० प्रतिशत हो भने ऋण दिने महिलाहरू १२ अथवा २४ प्रतिशत छन् । ऋण नलिने महिलाहरूको संख्या ३ अथवा ६ प्रतिशत छ । यस बाहेक सर्वेक्षण गरिएका महिलाहरूमध्ये ऋण लिने पनि ऋण दिने पनि परिवारको संख्या पनि

३ छ । जस्ले समूहबाट सस्तो व्याजमा ऋण लिएर आफ्नो गाउँ घरमा महँगो व्याजमा अरुलाई ऋण दिने गर्दछन् ।

## ५.३ महालक्ष्मीका दलित महिलाहरूको राजनैतिक अवस्थाः

हरेक व्यक्ति या त पुरुष होस् या महिला उनीहरूको भूमिकालाई सामाजिक र साँस्कृतिक तत्वले असर गर्दछ । त्यसैले महिलाहरूको लागि राजनैतिक सहभागिता यसको अपवाद हुन सक्दैन । नेपाल पितृ वंशीय सामाजिक संरचना भएको र वहु धार्मिक, वहु साँस्कृतिक संरचना भएको राष्ट्र हो । हिन्दू परम्परावादी सोचाई र पितृ वंशीय सामाजिक संरचनाको प्रभावले राजनीतिमा पनि लैङ्गिक विषमता सिर्जना गरेको छ । नेपालमा हरेक व्यक्तिको सामाजिक स्थिति जन्मसिद्ध रहेको हुन्छ । जसले गर्दा राजनीतिमा लैङ्गिक असमानता हुनु पनि स्वभाविकै हो । पुरुष र महिलाको बीचमा रहेको लैङ्गिक असमानता शिक्षा, पेशा, सम्पत्तीको अधिकार ज्याला आदिमा पनि कायम रहेको छ ।

वि.सं. २००७ सालदेखि २०४६ साल हुँदै वि.सं. २०६२- २०६३ सालको जन आन्दोलन सम्मका सवैजसो आन्दोलन र राजनैतिक संस्थाहरूमा दलित समुदाय र दलित महिलाको सहभागिता हुँदै आइरहेको । राजनीतिक पार्टीहरूले पनि दलितहरूप्रति र दलित महिलाहरू प्रति सवै क्षेत्रमा समान व्यवहारको नारा लगाइरहेका छन् । यति हुँदा हुँदै पनि दलित र दलित महिलाहरूको अधिकांश संख्याशिक्षा, सांस्कृतिक चेतना, सामाजिक मर्यादा र आर्थिक क्षेत्रमा पछाडि परेकाले उनीहरू राजनैतिक नेतृत्वका प्रमुख स्थानमा पुग्न सकेका छैनन् ।

समयको परिवर्तन सँगसँगै सोच विचारको पनि परिवर्तन हुँदै जान्छ तर पनि जातियताको आधारमा हुने उचनितामा, छुवाछुतमा केही मात्रामा कमी भए पनि उल्लेखनीयरूपमा सफलता भने पाएका छैनन् । कानूनी रूपमा जातियताको आधारमा हुने भेदभावलाई अन्त्य गरिए पनि यसले मानिसको सोचाईंमा, व्यवहारमा भने परिवर्तन गर्न सकेको छैन । सार्वजनिक ठाउँमा अलिकति खुकुलो व्यवहार देखिए तापनि निजी क्षेत्र अथवा ठाउँमा यस्तो खुकुलो व्यवहार पाईंदैन ।

महालक्ष्मीका दलित महिलाहरूको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरूले विभिन्न क्षेत्रतर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने प्रतिवद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रूपमा कार्यान्वयन भएको छैन । यहाँका दलित महिलाहरूले कुनै निर्वाचनमा स्थान पाएका छैनन् । भोट खसाल्ने अधिकारको पनि स्वतन्त्र रूपमा प्रयोग गर्न पाएका छैनन् । हालसम्मका न.पा.को निर्वाचनमा एउटा मात्र दलित पुरुषले सदस्यको स्थान पाएका थिए भने दलित महिलाले आजसम्ममा त्यो अवसर पाएका छैनन् । वि.सं. २०५२ सालमा सिस्नेरी मा.वि. बाट एकजना दलित महिला शिक्षिकालाई दलित भएकै कारण निस्कासित गरिएको थियो ।

आर्थिक विपन्नता, सामाजिक साँस्कृतिक विभेद, शिक्षाको अभाव तथा अछूत व्यवहारका कारण दलित महिलाहरूमा प्रतिस्पर्धात्माक सोंच र क्षमताको अभाव भएको पाइन्छ । राजनीति आफैंमा प्रतिस्पर्धी प्रणाली भएकोले दलित महिलाहरूको राजनैतिक सहभागितामा यसको असर परेको पाइन्छ । विकास क्रमलाई हेर्दा राजनीति दिनप्रतिदिन निकै प्रतिस्पर्धात्मक भइरहेको छ । राजनैतिक प्रतिस्पर्धा धनमा आधारित हुन्छ । जसले बढी धन खर्च गर्न र प्रदर्शन गर्न सक्छ राजनीतिमा उसैको पहुँच र पकड हुन्छ । आर्थिक अभाव र अशिक्षाले गर्दा दलित महिलाहरूमा यस्तो क्षमता छैन जस्को कारण पनि दलित महिलाहरू राजनीतिमा पछि परेका छन् । दलित महिलाहरूलाई विभिन्न राजनैतिक पार्टीहरूले भोट तान्ने एउटा श्रोतको रुपमा प्रयोग गरेका छन् ।

दलित महिलाहरूको लागि विशेष कार्यक्रम अघि सारेर, विभिन्न किसिमका प्रशिक्षणहरू दिएर र चेतनामूलक कार्यक्रमका प्रचार प्रसारद्वारा नभई विभिन्न किसिमको प्रलोभनबाट चुनावमा दलित महिलाहरूको भोट आफ्नो पोल्टामा पार्ने गैर राजनैतिक क्रियाकलापले दलित महिलाहरूलाई क्षणिक रुपमा राजनैतिक सहभागी बनाए पनि यस्तो सहभागिता दीगो रहँदैन बरु राजनैतिक विकर्षण बढ्दै जान्छ । दलित महिलाहरूले मतदानमा गर्ने राजनैतिक सभामा भाग लिने, भाषण सुन्ने जस्ता कार्यहरू गरे तापनि नेतृत्वमा पुग्न सकेका छैनन् । पारिवारिक पृष्ठभूमि, सामाजिक

वातावरण, राजनैतिक संस्थाहरूको उपेक्षा जस्ता कुराहरूले दलित महिलाहरूमा नेतृत्वको अभाव रहन गएको पाइन्छ । जसको फलस्वरुप दलित महिलाहरूलाई राजनैतिक रुपमा सक्रिय हुन प्रेरणा मिल्न सकेको छैन र राजनीतिप्रति उदासीन छन् ।

विभिन्न राजनैतिक पार्टीहरूले दलित समुदायका महिलाहरूलाई राजनीतिमा संलग्न बनाउन गम्भीर रुपमा नीति निर्माणहरू लागू गर्न सकेका छैनन् । विभिन्न राजनैतिक दल तथा सरकारले घोषणा गरेका नीति तथा कार्यक्रम तथा ऐन कानूनमा भएका कुराहरूलाई व्यवस्थित रुपले कार्यान्वयन गर्न सकेको छैन जस्को फलस्वरुप दलित महिलाहरू राजनीतिमा लाग्न प्रोत्साहित हुन सकेका छैनन् ।

दलित महिलाहरूको राजनीतिमा सहभागिता न्यून भएपनि समयको परिवर्तनसँगै यो सहभागिता बढ्दो क्रममा छ । पंचायती व्यवस्था भन्दा प्रजातन्त्रको पुनर्स्थापना पछि र नेपालमाओवादी आन्दोलन सुरु भए पश्चात स्थानीय तहमा दलित अथवा दलित महिलाहरूको राजनैतिक सहभागिता बढ्दो अवस्थामा छ । खुल्ला राजनैतिक परिवेश, दलितहरूमा बढ्दै गएको शैक्षिक क्रियाकलाप, आफ्नो हक र अधिकार प्रतिको सचेतना, कमै भए पनि राजनैतिक दलहरूको चासो, ऐन कानूनमा भएको व्यवस्था, महिलाहरूलाई ३३ प्रतिशतले छुट्याएको सुविधा जस्ता कुराहरूले यसमा महत्वपूर्ण भूमिका खेलेका छन् । सदियौंदेखि दासत्वपूर्ण जीवन विताएका दलित महिलाहरूलाई विशेष व्यवस्था विना राजनैतिक सहभागिताको अपेक्षा गर्नु प्रायः असम्भव देखिन्छ । कमजोर राजनैतिक अवस्था, शिक्षा र चेतनाको कमी भेदभावपूर्ण सामाजिक, साँस्कृतिक मूल्य र मान्यता, राजनैतिक प्रेरणाको अभावहरू नै दलित महिलाहरूको न्यून राजनैतिक सहभागिताका कारणहरू रहेका छन् । हरेक क्षेत्रमा आरक्षणको व्यवस्था, सामाजिक रुपान्तरणका कार्यक्रमहरू, विभिन्न किसिमका प्रशिक्षणको व्यवस्था आर्थिक विकासका लागि विभिन्न किसिमका तालीमहरू र निर्व्याजे ऋण सुविधाको व्यवस्थाद्वारा दलित महिलाहरूको राजनैतिक सहभागितामा वृद्धि ल्याउन सकिन्छ ।

नेपाली नागरिक भनेर चिनिन र कतै पनि केही काम गर्नको लागि नागरिकताको आवश्यकता पर्दछ । महालक्ष्मीका दलित महिलाहरू आफ्नो परिचय पत्रको रूपमा रहेको नागरिकता लिनको लागि निकै सचेत देखिन्छन् । नागरिकता विना विभिन्न सरकारी काम गर्न नमिल्ने गा.वि.स. मा दिइने विभिन्न तालीममा सहभागिता जनाउन नपाइने र जग्गा आफूले लिन चाहे पनि लिन नपाइने भएकाले नागरिकताको महत्वलाई बुझ्दै नागरिकता लिनमा होसियार रहेको पाइन्छ ।

स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरीका ५० महिलाहरूमध्ये ४५ महिलाहरूसँग नागरिकता भएको पाइन्छ भने ५ जना महिलासँग नागरिकता छैन । नागरिकता लिने यि ४५ महिला मध्ये रोजगारको लागि नागरिकताको प्रमाणपत्र लिने महिलाको संख्या७ छ भने जग्गा आफ्नो नाममा लिनको लागि नागरिकता लिनेको संख्या १३ छ । नगरपालिकाद्वारा दिइने विभिन्न सीपमूलक तालिममा सहभागि हुनको लागि नागरिकता लिनेको संख्या ११ छ भने लिनु पर्छ वा चाहिन्छ वा यत्तिकै लिएको भन्ने महिलाहरूको संख्या १४ छ ।

यसैगरि न.पा.मा आयोजना हुने विभिन्न कार्यक्रमहरू, विभिन्न संघ संस्थाद्वारा आयोजित कार्यक्रमहरूमा सहभागिता जनाउनेहरूको संख्यालाई हेर्दा पुरुषको संख्या भन्दा महिलाहरूको संख्या बढी भएको पाइन्छ । हालैका दिनहरूमा महिला सहभागिता बढ्दै गएको छ भन्छन् न.पा.का सक्रिय सदस्य राजाराम ।

# अध्याय - ६

## दलित महिलाहरूको सामाजिक तथा आर्थिक वहिष्करण

हिन्दू धर्मशास्त्रले नारीको स्थान र महिलालाई निकै प्रसंसा गरेको पाइन्छ । नारीलाई देवीको रूपमा, लक्ष्मीको रूपमा र सरस्वतिको रूपमा अथवा शक्तिको रूपमा, ज्ञानको रूपमा र धनको रूपमा स्वीकारेको पाइन्छ । यसरी नारीलाई उच्च स्थानमा राखेर पूजा आजा गर्ने प्रथा वा चलन भए पनि हाम्रो समाजमा नारीलाई हेर्ने दृष्टि भिन्न किसिमको छ । महिलाहरूलाई आफ्नो परिवारले, समाजले र राष्ट्रले पनि पुरुषको तुलनामा निर्वल, असक्षम मानि सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा शोषण र भेदभाव गरेको पाइन्छ ।

समग्र रूपमा भन्दा महिलाहरू पुरुषको तुलनामा उनीहरूले पाउनु पर्ने हक र अधिकारबाट बञ्चित छन् तर पनि हाम्रो देशमा रहेको जातिय विभिन्नता, साँस्कृतिक विभिन्नता र धार्मिक विभिन्नताले गर्दा यहाँ विभिन्न जातका महिलाहरूको स्थिति भिन्न भिन्न रहेको पाइन्छ । ब्राह्मण, क्षेत्री, दलित आदि जातका महिलाहरूको अवस्था भन्दा राई, लिम्बू, गुरुङ, आदि जातिका महिलाहरूको अवस्था अलि उच्च रहेको पाइन्छ । यसरी विभिन्न जातका महिलाहरूको स्थिति भन्दा दलित महिलाहरूको स्थिति अलिक पीडादायक रहेको पाइन्छ । सामाजिक पछौटेपन, आर्थिक विपन्नता, चेतनाको कमी आदिले गर्दा दलित महिलाहरू हरेक क्षेत्रमा बहिष्कृत भएको पाइन्छ । छुवाछुत र भेदभावको आधारमा अन्य जातका महिलाहरू सरहको सरल जीवन विताउन पाएका छैनन् । दलित महिलाहरू बहिष्कृत हुनुका कारणहरू निम्न अनुसार छन् ।

### ६.१ दलित महिलाहरूको वहिष्करणका कारणहरू:

#### ६.१.१ सामाजिक कारण :

दलित महिलाहरू माथि सामाजिक रूपमा निकै बहिष्करण गरिएको अवस्था छ । भनिन्छ छुवाछुत प्रथा सामाजिक बहिष्करणको एउटा जल्दोबल्दो उदाहरण हो ।

सामाजिक बहिष्करणका लागि जातजातिका आधारमा गरिने भेदभाव अन्य क्रियाकलाप र परम्पराको ठूलो हात रहेको छ । सामाजिक जीवनका हरेक पाटाहरूमा दलित महिलाहरू माथिको शोषण र भेदभाव व्याप्त छ । दलित महिलाहरूको श्रम, बुद्धि-विवेक तथा सीप र कलाका क्षेत्रमा ठूलो शोषणजन्य परिपाटी हावी भएको छ । माथिल्लो जातिका भनिने व्यक्तिहरूले बहिष्करणजन्य स्थितिकै आधारमा समाजमा आफ्नो आधिपत्य जमाउन र दलित महिलाहरूलाई जहिले पनि शोषित अवस्थामा राख्न सफल रहेका छन् । सामाजिक क्षेत्रका विभिन्न पाटाहरूमा दलित महिलाहरू माथि बहिष्करण गरिएको पाइन्छ ।

दलित महिलाहरू माथिको सामाजिक वहिष्करण पनि विभिन्न तह र क्षेत्रमा देखिने गरेको छ । घरमा पस्न नदिनेदेखि लिएर परिवार तथा समाजले बहिष्कार गर्ने, दलित भएकै कारण विभिन्न लाञ्छना लगाई सामाजिक अपमान र शारीरिक यातना दिने जस्ता कार्य गरेको पाइन्छ ।

जातिका आधारमा गरिने भेदभावले यहाँका दलित महिलाहरू पनि पिडीत छन् । कानूनको अगाडि सबैलाई समग्रताको हक प्रत्याभूति भएको भए तापनि कार्यान्वयनमा देखिएको उदासीनताले गर्दा व्यवहारमा समाज जातीय विभेद र छुवाछूतद्वारा आक्रान्त छ । यहाँसम्म कि एउटै संघ संस्थाहरूमा रहेर काम गर्नेहरूबीच पनि भेदभाव रहेको पाइन्छ ।

### ६.१.२ आर्थिक कारणः

इतिहासदेखि नै दलित महिलाहरूलाई दासता र श्रममा रगट्नका लागि धनसम्पत्तिबाट बञ्चित गर्ने चलन चलेको थियो । त्यसमा आधारभूत रूपमा परिवर्तन भएको छैन । दलित महिलाहरू जहाँ रहे पनि अधिकांश रूपमा भूमि हीन सुकुम्बासीको रूपमा या ज्यादै थोरै जमीन भएका गरीब किसानको रूपमा रहेका छन् । आफ्नै जग्गामा खेती गरेर वर्षै भरी गुजारा गर्ने दलित किसानहरूको संख्या नगण्य रूपमा रहेको छ ।

महालक्ष्मीका दलित महिलाहरूको आर्थिक अवस्थाको कुरा गर्दा अधिकांश महिलाहरूको सम्पत्तिमा पहुँच छैन । शिक्षा हासिल गर्न पनि राम्रो अवसर नपाएका र कथित उच्च जातिहरूद्वारा हेपिएर पछाडि पारिएका दलित महिलाहरूको सरकारी वा गैर सरकारी क्षेत्रमा पनि नगण्य रूपमा प्रवेश पाएका छन् अथवा छैनन् भन्दा फरक पर्दैन । प्रहरी, सैनिक क्षेत्रमा पनि अथवा सरकारी र निजामति क्षेत्रमा प्रायःजसो भर्ति गर्न रुचाईंदैन । ठूलो ठूलो उद्योग र व्यापार गर्ने स्थितिमा पनि पुगेका छैनन् ।

परम्परागत सिलाई, आरन, जुत्ताको काम, माटोको काम, सफाइको काम आदिले जेनतेन उनीहरूले गुजारा गर्दै आएका छन् । तर आजभोली विदेशी सामानहरू देशभित्र ओइरिनाले स्थानीय  पुराना सीप र प्रविधिको बजार नहुनाले यहाँका दलित महिलाहरूको बेरोजगारी संख्या बढ्दै गैरहेको छ । यहाँ सम्भवतः सबैभन्दा गरीब र सर्व हारा वर्गमा दलित र दलित महिलाहरू नै पर्ने गर्दछन् । आर्थिक क्षेत्रमा दलित महिलाहरू माथि गरिने बहिष्करणहरू निम्न प्रकार छन् ।

### ६.१.३राजनैतिक कारणः

नेपाल अधिराज्यको संविधान २०४७ ले सम्पूर्ण नागरिकलाई समान हक प्रदान गरेको छ । संविधानमा समान हकको प्रत्याभूति गरिए तापनि व्यवहारमा त्यस्तो विरोधाभाषपूर्ण कानूनी प्रावधान अझै पनि यथावत नै छन् । अर्को शब्दमा भन्दा कानून एवं ऐन दलित र नदलित महिलाको विरुद्धमा छ भन्दा फरक पर्दैन । राजनैतिक क्षेत्रमा दलित महिलाहरू धेरै पछाडि परेका छन् । अन्य जातका महिलाहरूको तुलनामा वास्तवमै दलित महिलाहरूलाई राजनैतिक सहभागिता खासै गराउन सकिएको छैन । जनआन्दोलन २०६२-६३ पश्चात् अथवा माओवादी राज्यको मूल धारमा आए पश्चात् गरिएको संविधान सभाको निर्वाचनमा अन्य राजनैतिक पार्टीले भन्दा माओवादीले दलित जनजाति र महिलाहरूलाई निर्वाचनमा भाग लिने मौका दिएको थियो दूर्भाग्यवश यो ठाउँबाट एउटा पनि दलित र दलित महिलाहरूले त्यस्तो मौका पाएका छैनन् । राजनीतिक व्यवस्था चाहे त्यो एक तन्त्रीय निरंकुश होस् वा प्रजातान्त्रिक वा लोकतान्त्रिक र गणतान्त्रिक यहाँका दलित महिलाहरूको प्रतिनिधित्व शून्य बराबर छ ।

देशमा प्रजातान्त्रिक-लोकतान्त्रिक-गणतान्त्रिक जे सुकै व्यवस्था भए पनि दलित महिलाहरू अझैसम्म राजनैतिक क्षेत्रमा विद्यमान वहिष्करणको शिकार भै रहेका छन् । विभिन्न राजनैतिक पार्टीहरूले दलित र दलित महिलाहरूको उत्थान र विकासका लागि चुनावी नारा दिए तापनि व्यवहारमा त्यो नारा कार्यान्वयन भएको छैन ।

### ६.१.४ साँस्कृतिक कारणः

परम्परादेखि कठोर शारीरिक श्रम, मद्यपान, अस्वस्थ्य खाना, अशिक्षा, सामाजिक अपहेलना आदिको जकडमा परेकाले दलित महिलाहरूको साँस्कृतिक चेतनामा पनि कमि छ । उनीहरू अहिले पनि सरसफाई, स्वास्थ्य र शौचालय प्रयोग आदिको बारेमा त्यति सचेत छैनन् । जस्को कारणले उनीहरू समाजमा भिन्दै किसिमको व्यवहार भोग्न बाध्य हुन्छन् । दलित र दलित महिलाहरूलाई काम गरे वापत दिने खानामा आफूले खाने अथवा अन्यलाई दिने भन्दा अलि तल्लो स्तरको खाना दिइन्छ । उनीहरूको लागि अथवा कामदारको लागि भनेर त्यति राम्रो खाना बनाइँदैन बरु यत्तिको भए चल्छ भन्ने जस्ता सोच उच्च जातिहरूको रहेको पाइन्छ ।

### ६.१.५ शैक्षिक कारणः

यहाँका दलित महिलाहरू परम्परादेखि नै शिक्षाबाट बञ्चित छन् अथवा अर्को शब्दमा भन्दा निरक्षर छन् । आजभोली साक्षरताको प्रतिशत बढ्दै गए पनि वास्तवमा सोचे जति साक्षरताको दर बढ्न सकेको छैन । अहिले पनि गरिबी र अचेतनाको कारणले गर्दा उनीहरूका ज्यादै थोरै छोराछोरी मात्र विद्यालय जान थालेका छन् भने छोराको अनुपातमा छोरी ढिलो स्कूल जाने र मजदूरी गर्न सक्ने भएपछि स्कूल जानबाट रोक लगाइन्छ र मेलापात, मजदूरीतिर लगाइन्छ जस्ले गर्दा महिलाहरू शिक्षित हुने अवसरबाट बञ्चित हुन्छन् । महिलाहरू स्वयं निरक्षर भएकाले आफ्नो बालबालिकाको शिक्षाप्रति सहि निर्णय गर्न सक्दैनन् जस्को कारण समय सापेक्षित शिक्षाबाट बंचित हुनु पर्दछ । शिक्षाको कमीले गर्दा आफ्नो हक र अधिकारको बारेमा दलित महिलाहरूलाई थाहा नभएको पाइन्छ भने उच्च जातिहरूले गर्ने छुवाछुतको व्यवहार र

भेदभावको व्यवहारको खुलेर विरोध गर्न नसक्दा समाजमा दलित महिलाहरू पिडीत अवस्थामा बाँचिरहेका छन् ।

### ६.१.६धार्मिक कारण:

हिन्दू राज्यको रुपमा नेपालको धार्मिक सिद्धान्त अत्यन्त वहिष्करणमुखी छ । यसका धार्मिक भाषिक र साँस्कृतिक आयामहरू छन् । हिन्दू धर्म जस्ले जात प्रथालाई शुद्ध रुपमा समाजमा लागू गर्दछ । हिन्दू धर्ममा आधारित भएर हिन्दू धर्माबलम्बीहरूले जातजाति, धर्म, संस्कृति आदिको नाममा छुवाछुत, उचनीच भेदभाव आदि जस्ता कुरीतिलाई समाजमा व्यवहारमा उतारेका छन् जस्को कारणले सबैभन्दा बढी पिडित दलित वर्ग रहेको पाइन्छ । दलितहरू छोएमा असुद्ध हुने भनी उनीहरूलाई अलग्गैको व्यवहार गरिन्छ । यस्तै किसिमको भेदभाव र दोस्रो दर्जाको व्यवहारले गर्दा यहाँका दलित महिलाहरू धर्म परिवर्तन गर्नेतिर धेरै उत्सुक छन् । “क्रिश्चियन धर्ममा छुवाछुत र भेदभाव हुँदैन त्यसैले हामी क्रिश्चियन भएको” भन्छिन् दलित महिला सुनिता पुर्कोटी । धार्मिक विचारको आडमा समाजमा दलित महिलाहरूले जहिले पनि नीचताको व्यवहार सहन गर्न वाध्य छन् । विभिन्न किसिमका पूजा, ब्रत, जस्ता धार्मिक क्रियाकलापले छुवाछूतलाई संरक्षण गरेर राखेको छ जस्ले गर्दा दलित महिलाहरू समाजमा अस्वीकृत हुन्छन् ।

### ६.१.७ गरिबीको कारण:

गरिबी एउटा यस्तो पीडादायक अवस्था हो जस्ले जुनसुकै जातको मानिसलाई पनि निम्न स्तरको व्यवहार भोग गर्न बाध्य बनाउँछ । उच्च जातमा पनि धनीले गरीबलाई विभिन्न वाहनामा भेदभाव गरेको हुन्छ भने दलितमा त यस्को सीमाको कुरै छैन । एक त दलित त्यसमा पनि गरिब जस्को कारण यहाँका महिलाहरू समाजमा आफ्नो प्रतिष्ठा कायम गर्न सक्षम छैनन् । विहानदेखि बेलुकीसम्म गाँसको लागि भौंतारिनु पर्ने, उच्च ज्यालामा काम नपाइने, चलेको भन्दा पनि न्यून ज्यालामा काम गर्न वाध्य हुनु, आफ्नो जमीन नहुनु जस्ता समस्याले यहाँका दलित महिलाहरू विभिन्न किसिमको वहिष्करणको शिकार भएका छन् । आफ्नो  परम्परागत पेशा लोप हुँदै जानु र अन्य

क्षेत्रमा सजिलै प्रवेश नपाउनु, प्रवेश पाए पनि उचीत व्यहवार नपाउनुले दलित महिलाहरू दनि प्रतिदिन झन झन् गरिबीमा फँस्दै गईरहेका छन् ।

### ६.१.८ कानून व्यवहारमा लागू नभएको कारणः

नेपालको संविधान, मुलुकी ऐन, सर्वोच्च अदालतको निर्णयबाट छुवाछुतकोभावनालाई कानूनी रुपमा समाप्त गरिएको छ । संविधानले जातिपातिका आधारमा गरिएको भेदभावलाई दण्डनीय मानेको छ । कानून भएर पनि कार्यान्वयन नहुनु र दलित समुदायलाई अन्य सरह ल्याउनका लागि यथोचित कानूनी प्रवन्ध नगरिनु र उपचारका लागि कानूनी संयन्त्रको सक्रियता पर्याप्त नगरिनुका अतिरिक्त दलित समुदायका पक्षमा कानूनहरू भए पनि ती कानूनहरूको उपयोग गर्न सक्ने क्षमता दलित समुदायमा नहुनु पनि यस क्षेत्रका समस्या छन् । कानूनको व्यवहारमा लागू नभएका कारण समाजमा दलित र दलित महिलाहरू जहिलै पनि पिडीत, पिछडिएका वर्गको रुपमा स्थापित छन् ।

### ६.१.९ जागरुकताको कारणः

दलित महिलाहरूलाई बहिष्करण गरिने एउटा मात्र कारण छैन । हाम्रो सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक र कानूनी तथा साँस्कृतिक एवं राजनैतिक सम्पूर्ण क्षेत्रमा वहिष्करणजन्य स्थिति छ । जसका कारण दलितहरू चौतर्फि रुपमा दबिएको अवस्थामा छन् । सामाजिक न्याय र मानवीय सेवाका क्षेत्रमा पनि दलित समुदायका महिलामाथि भेदभाव गरिने गर्दछ । स्वास्थ्य उपचार, शिक्षा तथा सामुदायिक अवसरहरूमा दलित महिलाहरू माथि भेदभाव गरिने क्षेत्र हुन् । यस्ता विभिन्न क्षेत्रहरूमा गरिने भेदभावलाई विस्तारै विस्तारै कमी गर्दै जानु पर्ने हुन्छ जस्को लागि समाजमा रहने सबै जातजातिमा जागरुकता, सचेतता र मानवीय व्यवहारमा सुधार आउन निकै जरुरत र आवश्यक देखिन्छ ।

## ६.२ महालक्ष्मी दलित महिलाहरूको सामाजिक वहिष्करणः

प्रायः सवैजसो निजी घरहरूभित्र दलित महिलाहरूलाई प्रवेश गर्न दिइँदैन । घरभित्र प्रवेश दिए पनि दलित महिलाहरू बैठकमै सीमित रहेको पाइन्छ । तर अपवादको स्वरूप केही उदार व्यक्तिहरूको घरमा भने पूजाकोठा बाहेक भान्साकोठाको ढोका सम्म पुग्न दिने गरेको पाइन्छ ।दलित महिलाहरूलाई कामकाजमा पनि भेदभाव गरिन्छ । घरभन्दा बाहिरको र तल्लो स्तरको कार्यहरू मात्र गर्न लगाइन्छ ।सामाजिक क्रियाकलाप अथवा समाजमा आयोजना गरिने विभिन्न किसिमका सभा, समारोह, वैठक आदिमा दलित महिलाहरू दर्शक र श्रोताको स्थानमा मात्र सीमित छन् । यसरी आयोजना हुने कार्यक्रमको आयोजक कमिटिमा कुनै पनि दलित महिलाको सक्रिय भूमिका देखिँदैन । जतिसम्म सकिन्छ दलित महिलाहरूको मानविय सेवा लिन रुचाईंदैन ।मेलापात, ज्याला मजदूरी गर्न जाँदा पनि दलित महिलाहरूले पकाएर ल्याएको खाजा स्वीकार गरिँदैन तर विस्कूट, चाउ चाउ जस्ता बजारिया खाजामा भने प्रतिबन्ध छैन । दलितको घरमा जाँदा, दलितहरूसँग छोइंदा मुखमा आउने थुक पनि छोइन्छ र आफू अपवित्र भइन्छ भनि मुखमा आएको थुक पनि थुक्ने चलन थियो तर आजभोली नियम र कानूनको डरले यस्तो प्रथा हट्दै गएको छ ।सभा समारोहमा वितरण गरिने जलपान दलित महिलाहरूको उपस्थितिका कारण कथित माथिल्लो जातका महिलाहरूले अस्वीकार गरेको पाइन्छ । यस्तो अवस्थामा यदि उनीहरूलाई जलपानको लागि करकाप गरिएमा उच्च रक्तचाप र मधुमेह जस्ता रोगहरू नभएका महिलाहरूले पनि यि रोगहरूको साहारामा जलपानलाई टार्ने गरेको पाइन्छ ।महालक्ष्मीका दलित महिलाहरू प्रायःजसो सवै अशिक्षित रहेका पाइन्छन् भने कतिपय साक्षर महिलाहरूले पनि बीचमै पढाई छोडेको पाइन्छ । बालबालिकाहरूमा पनि कक्षा ५ सम्म पढे पुग्ने र जति माथिको कक्षामा पुग्यो त्यति पढाई छोड्दै जाने हुनाले प्राथमिक तहमा जति दलितले पढ्न गए त्यो संख्या मध्ये निकै कम संख्या निम्न माध्यमिक तहमा पुग्ने र माध्यमिक तहमा त निकै कम संख्या भएको पाइन्छ ।यस नगरपालिकास्थित सिस्नेरी मा.वि. बाट २०५२ सालमा एक जना दलित महिला शिक्षिकालाई दलित भएकै कारण निस्कासन गरिएको थियो । यस घटनाले दलित महिलाहरूको अवस्थाको वर्णन गर्दछ ।

त्यसपछि दलित महिलाहरूले यस विद्यालयमा शिक्षिका हुने मौका पाएका छैनन् ।इनार, धारा, पँधेरामा त्यति सारै कडाइका साथ छुवाछुत र भेदभाव नभए पनि सकेसम्म दलितहरू सँगै पानी प्रयोग गर्न रुचाउँदैनन् । "तिमीहरूले पहिले भरेर जाऊ हामीलाई हतार छैन" भन्ने जस्ता उत्तरहरू अन्य जातका महिलाहरूबाट आउने गर्दछन् । महिला सीप विकास भनेर न.पा.मा आउने विभिन्न सीपमूलक तालीमहरूमा पनि दलित महिलाहरू सहभागी भएको पाइन्छ । यस्ता तालीमहरूमा पनि सकेसम्म दलित महिलाभन्दा अन्य महिलाहरूको संख्या बढी हुन्छ । आजभोली दलितको लागि भनेर छुट्टै कोटा आउने हुनाले मात्र दलित महिलाहरूलाई खोजी गरिन्छ । यस्ता तालीमहरूमा मैनबक्ति बनाउने, अगर बत्ति बनाउने, अचार बनाउने र विभिन्न किसिमका स्वास्थ्यसँग सम्बन्धित चेतनामूलक कार्यक्रमहरू पर्दछन् ।मन्दिर आदिमा दलित महिलासँग भेट भएमा पहिलेको जस्तो मन्दिरभित्र पस्न नदिने त होइन तर पूजाआजा चाहिँ सँगै बसेर गरिँदैन । अन्य जातका महिलाहरूले यात दलित महिलाको भन्दा पहिल्यै या त पछाडि पूजा गर्ने गरिन्छ ।यदि दलितको घरमा खशी (मासु) काटेमा अन्य जातकाले त्यो मासु किनेर खाएको पाईंदैन । यदि दलितले पालेको अथवा दलितको खशी काटेर मासु बेच्नु परेमा त्यो खशी अन्य जातको घरमा ल्याएर काट्ने, बेच्ने र खाने गरेको पाइन्छ ।दलित समुदायबाट कसैले दैनिक उपभोग्य बस्तुको व्यापार गरेमा त्यहाँ दलित समुदायबाटै र केही अन्य जातिका युवा पिँडीहरू मात्र आउने हुनाले र दलितहरूको जनसंख्या कम हुँदा र आर्थिक विपन्नताका कारणले दलितहरूको यस्तो किसिमको व्यापार घाटामा जाने गर्दछ जसले गर्दा सम्बन्धित स्थानमा यस्ता किसिमका व्यापारहरू दलित समुदायबाट संचालित भएको पाईंदैन ।

## ६.३ महालक्ष्मीका दलित महिलाहरूको आर्थिक वहिष्करणः

दलित समुदायका कुनै पनि महिलाहरूले सार्वजनिक सेवामा प्रवेश पाएका छैनन् । यिनीहरूले चाहँदा चाहँदै पनि कुनै पनि स्थानमा नोकरी गर्ने मौका दिईंदैन । गाउँ घरमै कृषि मजदूरी गरेर, ज्यामी काम गरेर, दाउरा बेचेर यिनीहरूले आफ्नो दैनिक गुजारा गरेका छन् ।सानो तिनो पूँजीबाट संचालन गर्न सकिने होटल व्यवसाय गर्नबाट बञ्चित छन् किनकि यहाँ दलितका आफ्नै जातका मानिसहरू बाहेक अन्यको

उपस्थिति हुँदैन ।यिनीहरूको वर्षौं देखि भोग चलन गर्दै आएको जग्गाको टुक्रा पनि आफ्नो अथवा आफ्नो परिवारको नाममा हुँदैन ।परम्परागत रूपमा गर्दै आएका पेशामा पनि आजभोलीको विकासले गर्दा अथवा यातायातको सुविधाले गर्दा बाहिरिया सामानको आगमनले स्थानीय  सीपयुक्त सामानहरू विस्थापित हुँदै गएका छन् जसले गर्दा पुरानो सीप लगाएर तयार पारिएको सामानले बजार नपाउँदा यिनीहरूको जीवन स्तर निकै कठिन बन्दै गै रहेको छ ।आफूसँग धितो राख्ने पूँजी नभएको कारण उद्योग व्यवसाय संचालन गर्न दिइने सहुलियत ऋण नपाउनुले पनि यिनीहरूको आर्थिक अवस्था नाजुक बन्दै गैरहेको छ । आफ्नो जमीन नभए पनि जमीनदारहरूले जग्गा कमाउन नदिनुले यिनीहरूको खाद्यान्न परिपूर्तिमा समस्या देखिएको छ ।ज्याला मजदूरी र अन्य कार्यमा काम गर्न जाँदा पनि अन्य जातका महिलाहरू सरह नगद ज्याला नपाउनुले दलित महिलाहरूलाई भेदभाव गरेको बुझिन्छ ।अन्य जातिमा जस्तै दलित जातिमा पनि समान कामको लागि पुरुष/महिला बीच आधा रकमको फरक भएको पाइन्छ । गाई, भैंसी पालेमा त्यसबाट दुध, दही घ्यू र अन्य दूधजन्य पदार्थहरू स्थानीय तहमा विक्री नहुने हुनाले दलित महिलाहरूले व्यवसायिक दृष्टिबाट पशुपालन गरेको पाईंदैन । ज्याला मजदूरी अथवा अन्य काम पनि तराईतिरबाट आएका मधेशी मूलका ज्यामीहरू, चौधरीहरू र कपडा सिलाउने काममा पनि मुस्लीमहरू आएर स्थानीय मजदूरहरूलाई विस्थापित गर्दा सबैभन्दा पीडित दलित महिलाहरू भएका छन् । ज्यामी काममा टाढा जाँदा घरमा बच्चाहरूलाई हेर्दै घर धन्दाले गर्दा जान पाईंदैन भने गाउँमा काम पाउन समस्या पर्न थालेको छ ।

# अध्याय - ७

# सारांश तथा निष्कर्ष

यस अध्यायमा अनुसन्धानबाट प्राप्त भएका सम्पूर्ण तथ्यांक एवं सूचनाहरुको विश्लेषणलाई सारांशमा प्रस्तुत गरिएको छ । अध्ययनको सारांशको आधारमा त्यसको निचोडलाई समेत सँगै प्रस्तुत गरिएको छ ।

## ७.१ सारांशः

विभिन्न जातिका महिलाहरूमध्ये पानी नचल्ने छोइछिटो हाल्नु पर्ने एक अछूत भनि चिनिने दलित जातिका महिलाहरू जस्ले समाजको उच्च जातिहरूको आसपासमा बसोबास गर्दै उनीहरूकै भाषा र संस्कृतिको अनुसरण गर्दै आएको पाइन्छ ।दलित जातिमा पनि पितृ सत्तात्मक परिवार पाइन्छ । बाबु, श्रीमान् र छोरा नै घरको सर्वेसर्वा अथवा प्रमुख हुन्छन् ।प्रायःजसो दलित महिलाले हिन्दू धर्म अनुसरण गर्ने भए तापनि हिन्दू धर्ममा जातजाति, छुवाछुत, भेदभाव बढी हुने भएकोले आजभोली धर्म परिवर्तन गर्ने प्रथा तीब्र रूपमा चलेको पाइन्छ भने स्थलगत सर्वेक्षण अन्तर्गतका केही परिवारहरू हिन्दू धर्म अन्तर्गत कै कृष्ण प्रणाली धर्मतिर लागेको पाइन्छ जस्को संख्या ६ प्रतिशत छ भने १८ प्रतिशत दलित परिवारहरू क्रिश्चियन धर्ममा विश्वास गर्दछन् ।जातिको आधारमा गरिने भेदभाव र छुवाछुतको कारणले गर्दा हालसम्म कुनै पनि महिलाहरूले अन्तर्जातीय विवाह गरेको पाईंदैन ।दलित जातिमा मानिने विभिन्न चाड पर्व र संस्कारहरू हिन्दू धर्म अनुसार गर्ने देखिए तापनि यिनीहरूले चाडपर्व र आफ्ना संस्कारहरूमा अत्यधिक जाँड रक्सीको प्रयोग गरेको पाइन्छ भने केही धर्म परिवर्तन गरेकाहरूले आफ्नो धर्म अनुसारका संस्कारहरूलाई स्वीकार्दै आएको पाइन्छ ।

दलित महिलाहरू राम्रो शिक्षा, राम्रो संगत, चेतना, स्वास्थ्य सुविधा आदिबाट बञ्चित रहेका छन् । जसका कारणले यिनीहरूमा स्वास्थ्य सम्बन्धी सामान्य जानकारी पनि नभई समस्याग्रस्त भएको पाइन्छ ।दलित महिलाहरूको आफ्नो परम्परागत पेशा विस्तारै विस्तारै हराउँदै र कतिपय अवस्थामा छोडिदै गरेको पाइन्छ । यसको मुख्य

कारण यातायातको सुविधाको कारण विदेशी सस्तो सामानहरूको आयात बढ्दो रहेको छ । यसरी आयात गरिएका सामानहरूसँग स्थानीय स्तरमा तयार पारिएका सामानले प्रतिस्पर्धा गर्न नसक्दा पेशा धारासायी बन्दै गएको छ । यहाँ अन्य जातिमा जस्तै दलित जातिमा पनि समान कामका लागि पुरुष र महिलाबीच आधा रकमको फरक भएको देखिन्छ ।दलित महिलाहरू आर्थिक दृष्टिकोणले निकै पछाडि परेको पाइन्छ । विगतका दिनहरूमा भन्दा आजभोली बालीघरे प्रथा अथवा विष्ट प्रथा विस्तारै हट्दै गैरहेको पाइन्छ । जस्ले गर्दा यिनीहरूको आय आर्जनको श्रोतको कुनै निश्चितता नै नभएको पाइन्छ ।विगतका दिनहरूमा दलित महिलाहरूको ठूलो हिस्साले कृषि पेशामा संलग्न भई आफ्नो जिविकोपार्जन गर्दथे तर आजभोली बढ्दो शहरीकरण, माओवादी त्रास र भूमीसम्बन्धी नियमले जग्गा हुनेहरूले यिनीहरूलाई जग्गा कमाउन दिन छोडेको पाइन्छ । जसले गर्दा जग्गाधनीको कतिपय जग्गा बाँझै हुन्छ भने दलित महिलाहरूले श्रम गर्नको लागि जग्गा पाउँदैनन् ।

दलित महिलाहरूसँग समयको परिवर्तन सँगसँगै आय आर्जन गर्नको लागि सीप र दक्षतामूलक ज्ञान भएको पाईदैन ।दलित महिलाहरूको आम्दानीको श्रोतहरूलाई उल्लेख गर्न सकिए पनि कुन कुन शीर्षकमा के कति खर्च गरिन्छ भनेर भन्न सकिंदैन भने दलित जातिमा जति कमाए पनि बचत गरौं भन्ने भावना अलि कम भएको पाइन्छ र बालबालिकाको गुणस्तरीय शिक्षामा खर्च गरेको पनि पाईंदैन ।अशिक्षा र ज्ञानको कमीको कारणले विभिन्न राजनैतिक दलका नेताहरूले दलित महिलाहरूलाई चुनाव जित्ने एउटा साधन बनाएको पाइन्छ ।यहाँका दलित महिलाहरूले आजका मितिसम्म कुनै पनि राजनैतिक दलहरूको कुनै पनि स्थानमा आफ्नो सक्रिय भूमिका निभाउन पाएका छैनन् । कुनै पनि राजनीतिक मुद्दाहरूमा आफ्नो मत, विचार जाहेर गर्ने अधिकार दिईदैन र त्यसको सुनवाई पनि हुँदैन ।

## ७.२ निष्कर्ष:

दलित जातिका महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्दा यस जातिलाई ऐतिहासिक कालदेखि नै उत्पत्ति भएको आर्य समूह अन्तर्गत पर्ने, हिन्दू

धर्मबाट प्रभावित जातिका रूपमा लिइन्छ तैपनि महालक्ष्मी नगरपालिकामा बसोबास गर्ने यस जातिमा धर्मप्रति स्वतन्त्रता र असमानता पाइन्छ । यस जातिको कूल जनसंख्याको १८ प्रतिशत जनसंख्याले क्रिश्चियन धर्म र ६ प्रतिशत जनसंख्याले कृष्ण प्रणामी धर्म अपनाएको पाइन्छ । समाजमा दलित, उत्पीडित र अछूतको भावनाले दविएका दलित महिलाहरूशिक्षाको उज्यालो प्रकाशतिर लम्कन लागेको आभाष महिलाहरूको साक्षरता प्रतिशत लगभग ३३ प्रतिशत हुनुबाट पनि थाहा पाउन सकिन्छ भने आजभोलीका दिनहरूमा गाउँमा प्रायःजसो सबै बालबालिकाहरूलाई विद्यालय पठाइनुबाट पनि यस्को प्रतिशत दिन प्रतिदिन बढ्दै जाने आशा गर्न सकिन्छ। दलित जातिमा पनि अन्य जातिको जस्तै महिलाहरूको भन्दा पुरुषहरूको स्थान उच्च रहेको पाइन्छ किनभने यस जातिमा पनि विधुवा विवाह र अन्तर्जातीय विवाहलाई घृणाको दृष्टिले हेरिने तर विदुर विवाहलाई भने स्वभाविक नै मानिन्छ।

उच्च जातिय सामाजिक परिवेशमा आफ्नो परम्परागत पेशालाई स्वीकार्ने दलित महिलाहरूको संख्या ७ प्रतिशत छ । यसबाट पनि स्पष्ट हुन्छ कि यस जातिका महिलाहरू आफ्नो पेशाप्रति सन्तुष्ट नभएको हुनाले आजभोली दलित महिलाहरूको परम्परागत पेशा लोप हुने स्थितिमा छ। अर्कोतर्फ आफ्नो स्वामित्वमा जग्गा नहुनु र उच्च जातिमध्येका जग्गा हुनेहरूले विभिन्न वहानामा जग्गा कमाउन नदिनुले पनि दलित महिला र यिनका परिवारलाई कृषिजन्य वस्तुको परिपूर्ति गर्न निकै कठिन देखिन्छ । दिनभरिको कामको ज्याला रु.३५०।- मात्र पाउनु र आजभोलीको बढ्दो महँगीमा यो ज्यालाले विहान बेलुकी हातमुख जोर्न निकै मुश्किल परेको पाइन्छ ।

यहाँका दलित महिलाहरूमा आर्थिक विपन्नताको कारण विहान देखि बेलुकीसम्म हातमुख जोर्ने जोहो गर्दै हिँडेको पाइन्छ भने राजनीतिक चेतनाको कमीले गर्दा राजनैतिक सक्रियता त्यति भएको पाईंदैन । पटक पटकको चुनावको घोषणापत्र, विभिन्न राजनैतिक दलका नेताहरूको झूठो आश्वासन र गाउँ घरमा आफ्नो स्थानलाई दलित महिलाहरूले बुझ्न थालेका छन्। कुनै पनि पार्टी र कुनै पनि नेताले आफूहरूको लागि केही नगर्ने गुनासो महिलाहरू सुनाउँछन् भने आजसम्म राजनैतिक

सहभागिता जनाउनको लागि कुनै पनि स्थानमा आफ्नो उपस्थिति जनाउने स्थान पाएका छैनन् ।

जातीय छुवाछुतलाई कमगर्नको लागि विभिन्न राजनैतिक पार्टीले चुनावी घोषणापत्र दलित समुदाय प्रति लक्षित गरेर सामाजिक भेदभाव, आर्थिक विपन्नता र राजनैतिक सहभागिताका कार्यक्रमहरू घोषणा गरे पनि यी सबै कुराहरू चुनावी नारामा मात्र सीमित भएका छन् भने विभिन्न गैर सरकारी संस्थाहरूले केही मात्रामा सकारात्मक कदम चाले पनि सरकारी पक्षबाट कुनै पनि प्रकारको सहयोग र सद्भाव नभएको हुनाले दलित महिला र यिनका परिवारप्रति गरिने व्यवहार र छुवाछूतमा उल्लेखनीयरूपमा कमी आउन सकेको छैन । यसै गरि नेपालको कानूनमा उल्लेख भएका कानूनी प्रावधानलाई समेत सरकारले कार्यान्वयन गर्न सकेको छैन भने सामाजिक अभियानलाई समेत निरन्तरता दिन सकेको छैन । त्यसैले यहाँका दलित महिलाहरूको स्थिति दयनिय रहेको पाइन्छ ।

# सन्दर्भसूची


कोइराला, विद्यानाथ, खड्का, राजन, बराल, राजकुमार (२०६५), *राज्यको पुनःसंरचनामा दलित सहभागिता,* काठमाडौंः अफिस सपोर्ट सर्भिस सेन्टर ।

खत्री, बालकृष्ण (२०५५), *लामाटारका दलितहरूको सामाजिक र आर्थिक अवस्थाको अध्ययन,* (शोध पत्र), कीर्तिपुर : समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग ।

गुरुङ, हर्क (२०६५), *बहिष्करणदेखि समावेशीकरणसम्म,* काठमाडौंः सामाजिक समावेशीकरण अनुसन्धान कोष ।

बिष्ट, डोरबहादुर (२०५५), *सबैजातिको फूलबारी* सातौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

वि.क., मानबहादुर, विश्वकर्मा, चक्रमान (२०६५), *संघियतामा दलित,* काठमाडौंः दलित सेवा संघ ।

विश्वकर्मा बावुराम (२०६५), *योजनागत विकास र दलित,* काठमाडौं : दलित सेवा संघ ।

राष्ट्रिय दलित आयोग (२०६०), *नेपालमा दलित समुदायको स्थि*ति, काठमाडौं : राष्ट्रिय दलित आयोग ।

एक्सनएड नेपाल (ई.सं.२००४),*नेपालमा विद्यमान जातीय छुवाछुत र यसको निराकरण गर्ने रणनीतिक अभियान,* काठमाडौं : एक्सनएड नेपाल ।

नेपाल सरकार (२०६६), *जेष्ठ नागरिक,* काठमाडौं : महिला वाल बालिका तथा समाज कल्याण मन्त्रालय ।

भसिन, कमला, *पितृसत्ता के हो ?,* काठमाडौं : स्त्री शक्ति ।

योगी, विकासानन्द (२०६०), *नारी मुक्ति एक संरचना,* काठमाडौं दोस्रो संस्करण : योग शिक्षिका तथा रेकी हिल चन्द्रतारा तुलाधर ।

FEDO (2007), *A Movement Against Caste and Gender Discrimination,* Kathmandu: FEDO.

Blaikie, Pipers, David; Cameron, John and Seddon (1980), *Nepal in Crisis Growth and Stagnation at the Periphery,* Delhi: Oxford University Press.

Central Bureau of Statistics (2008), *Population Monograph,* Vol. II, Kathmandu: Central Bureau of Statistics.

FEDO (2007), *Nepali Dalit Women's Charter for New Nepal Building process,* Kathmandu: FEDO.

Pokhrel, Sanjeev K. and Chhetri Ram B.(2006), "Changing Livelihood Strategies of the Dalits: A Case Study in the Pokhara Valley", *Contributions to Nepalese Studies,* Vol. 33 Special Issues, Kirtipur: CNAS.

SIRF (2009), *Social Inclusion and Nation Building in Nepal,* Kathamandu: SIRF.

# परिशिष्ट - १

## प्रश्नावली

१. घरमूलीको नाम:

| क्र.सं. | नाम | घरमूली सँगको नाता | लिङ्ग (पुरुष/ महिला) | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | आयश्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**(क) सामाजिक पक्ष:**

(१) तपाईंको परिवारमा कति जना सदस्य छन् ?

(२) तपाईंको परिवारमाका सदस्य कुनै पनि कार्यक्रममा सहभागी हुनुहुन्छ ?

(३) त्यो कार्यक्रममा तपाईं सहभागी हुनु भयो ? भएन भने किन ?

(४) खासगरी परिवारबाट को सहभागी हुने गरेको छ ? पुरुष कि महिला? पुरुष मात्र भए किन ? महिला मात्र भए किन ?

(५) तपाईंको परम्परागत पेशा कत्तिको महत्व छ ? त्यसको प्रयोग कत्तिको भएको छ ?

(६) तपाईंको समाजमा सामाजिक कानूनी प्रथा के के छन् ?

(७) खाना सम्बन्धी नियम के के छन्? सामाजिक भोज भतेरमा सहभागी हुने गर्नु भएको छ ?

(क) छुवाछूतको अवस्था कस्तो छ ?

(ख) विवाह (अन्तर्जातीय) सम्बन्धी नियम

(ग) अन्तर्जातीय वैवाहिक सम्बन्ध स्वीकार्य छ ?

(८) इनार, धारा आदि सजिलै प्रयोग गर्न पाउनुहुन्छ? पाउनु हुँदै भने किन ?

(९) समुदायमा बसेर कस्ता किसिमका कामहरू तपाईंले गर्नु पर्छ र कस्ता गर्नु पर्दैन ? ती कुन कुन हुन् ?

(१०) ती कामहरू तपाईंका इच्छा अनुसार छन् कि छैनन् ? यदि इच्छा छ भने किन र इच्छा छैन भने किन ?

(११) तपाईंको गाउँ घरमा जात उकास्ने र खसाल्ने चलन कत्तिको छ? त्यस्को निर्णय कस्ले गर्दछ र कस्तो अवस्थामा गर्दछ ?

(१२) तपाईंले अरुलाई ऋण दिनु भएको छ? व्याज कति लिनु हुन्छ (रूपैयाँमा)

(१३) तपाईंले अरु कसैबाट ऋण लिनु भएको छ? किन लिनु भएको ?

(१४) तपाईंले ऋण कोसँग लिनु भएको छ? व्याज तिर्नु हुन्छ? तिर्नु हुन्छ भने कति?

**(ख) आर्थिक पक्ष**

(१) तपाईंको आफ्नै जग्गा छ ?

(२) तपाईंको जग्गामा अधिकार (नाममा) छ ?

(३) जग्गा रैकर वा ऐलानी ?

(४) जग्गा खेत वा बारी वा पाखो बारी के हो ?

(५) जग्गा कति छ? (रोपनीमा वा कट्ठामा) ?

(६) कति उत्पादन हुन्छ ?

(७) उत्पादित अन्नले खानलाई पुग्छ वा पुग्दैन ?

(८) पुग्छ भने कति महिनालाई र पुग्दैन भने पनि कति महिनालाई ?

(९) यदि पुग्दैन भने कसरी परिपूर्ति गर्नुहुन्छ ?

(१०) पुग्छ भने बच्छ कि बँच्दैन यदि बचत हुन्छ भने के मा प्रयोग गर्नु हुन्छ । त्यसमा तपाईंको पहुँच छ वा छैन ?

(११) अरुको जग्गा कमाउनु भएको छ? छ भने के र कति कमाउनु भएको छ ?

(१२) तपाईंको वर्ष भरिको आम्दानी कति होला ? (लगभग रूपैयाँमा)